नेपाल सरकार

शहरी विकास मन्त्रालय

# शहरी विकास तथा भवन निर्माण विभाग

बबरमहल, काठमाडौं

# आ.व ८०/८१ को प्रगति विवरण

२०८१

# शहरी विकास तथा भवन निर्माण विभाग

**पृष्ठभूमि :**

२००७ साल अगाडि राणाकालमा "बनाउने अड्डा" को नाममा स्थापना भएको यो विभाग २००७ देखि २०१९ साल सम्म नेपाल सरकारको तत्कालीन निर्माण तथा यातायात मन्त्रालय अन्तर्गत स्थापित सडक र भवन दुई खण्ड मध्ये भवन सम्बन्धि कार्य गर्ने गरि “सार्वजनिक निर्माण विभाग” को नाममा र सो पश्चात २०१९ सालमा भवन विभाग, भद्रकाली र त्यस पश्चात बबरमहल सेतो भवन- विशेष भौतिक तथा पूर्वाधार क्षेत्र विकास आयोजना, दक्षिणकाली को रुपमा रुपान्तरित भएको थियो । २०२० साल मा “भवन विभाग” को नाममा स्थापना भएको यस विभाग मार्फत आर्थिक वर्ष २०२७/२८ देखि अव्यवस्थित बसोबासलाई व्यवस्थित गर्दै योजनाबद्ध रूपमा शहरी विकास गर्ने तर्फ नेपाल सरकारको ध्यान आकृष्ट भै त्यस क्षेत्रमा राज्यको स्रोत र साधन समेत परिचालित गरियो। दिनानुदिन बढ्दो शहरीकरणलाई व्यवस्थित गर्ने सिलसिलामा वि.सं. २०२८ सालमा प्रथम पटक काठमाडौंको भौतिक विकास योजना तयार पारी उक्त योजना अनुरुप साविकको भवन विभागको नाम परिवर्तन गरी आवास, भवन तथा भौतिक परियोजना विभाग नामकरण गरी साविकमा गरिआएको कामका अतिरिक्त आवास तथा शहरी विकास सम्बन्धी कामहरू समेत तोकिएको थियो ।

क्षेत्रीय विकास केन्द्रको अवधारणा अनुरूप क्षेत्रीय केन्द्रको रूपमा रहेको धनकुटा, काठमाण्डौ, पोखरा र सुर्खेतको विकासको लागि भौतिक योजना कार्यान्वयन ऐन २०२९ को व्यवस्था समेत गरियो । यसको अतिरिक्त विराटनगर, सिद्धार्थनगर, नेपालगञ्ज र महेन्द्रनगर जस्ता नगरपालिकाहरू र शहरका रूपमा विकास तथा विस्तार हुन सक्ने अन्य सदरमुकामहरू र कोहलपुर जस्ता स्थानहरूमा व्यवस्थित रूपमा शहरी विकास गर्न आवश्यक भौतिक विकास योजना तयार पारी कार्यान्वयन गर्न नेपाल सरकारको स्रोत र साधन प्रयोग गरिने व्यवस्था गरियो । यी सम्पूर्ण कार्य गर्ने जिम्मेवारी पनि आवास, भवन तथा भौतिक परियोजना विभागलाई दिइएको थियो ।

नेपाल सरकारले वि.सं. २०४४ मा सुरक्षित आवास तथा व्यवस्थित शहरीकरण कार्यक्रमको महत्त्वलाई मनन गरी यो कार्यक्रम सञ्चालनका लागि नीतिगत व्यवस्था गरी मार्गदर्शन समेत दिनका लागि आवास तथा भौतिक योजना मन्त्रालय नामको एउटा छुटै मन्त्रालयको गठन भयो। आवास तथा शहरी विकासको बढ्दो महत्त्वतालाई दृष्टिगत गरी नेपाल सरकारको २०४५ साल श्रावण २६ गतेको निर्णयले आवास, भवन तथा भौतिक परियोजना विभागबाट आवास तथा शहरी विकास सम्बन्धी कार्य झिकी सो कार्य गर्न छुट्टै केन्द्रीय स्तरमा आवास तथा शहरी विकास विभाग र क्षेत्रीय स्तरका ५वटा क्षेत्रीय निर्देशनालयको गठन समेत गरियो।

क्षेत्रीय निर्देशनालयहरू र जिल्लास्थित कार्यालयहरू भवन विभाग र आवास तथा शहरी विभागको संयुक्त नियन्त्रण रहेको कारण कार्य सञ्चालन तथा सम्पादनमा समस्या परेको बुझी २०५० सालमा संस्थागत संरचनाको पुनः संरचना गरी नेपाल सरकारले तत्काल कायम हुन आएको ४ क्षेत्रीय निर्देशनालय र दीपायल स्थित १ क्षेत्रीय निर्देशनालय इकाइ कार्यालय आवास तथा शहरी विकास विभाग अन्तर्गत र जिल्लास्थित कार्यालयहरू भवन विभाग अन्तर्गत रहने व्यवस्था गरी जिल्ला शहरी विकास योजना कार्यान्वयन गर्न र नगर विकास समितिको सदस्य सचिवको रूपमा काम गर्न जिल्लास्थित जिल्ला भवन कार्यालयका प्रमुखलाई तोक्न सकिने व्यवस्था समेत गर्यो ।

जिल्ला स्तरमा सरकारी भवन निर्माण सम्बन्धी कार्य नगण्य रूपमा हुने र भएका निर्माणसम्बन्धी काम पनि ती सरकारी निकायहरूले आ-आफ्नो छुट्टै इञ्जिनियरिङ्ग इकाइ खडा गरी वा कन्सल्टेण्ट नियुक्त गरी गराउने परिपाटी सुरु गरेको कारण जिल्ला कार्यालयहरूको संलग्नतमा भवन डिजाइन, निर्माण तथा सुपरिवेक्षणमा भन्दा बढ्दो शहरीकरणबाट उत्पन्न समस्यालाई निराकरण गरी व्यवस्थित शहरीकरणको माध्यमबाट त्यस क्षेत्रमा विकासका पूर्वाधार विकास गरी रोजगारीका नयाँ अवसर सृजना गर्ने, पर्यावरणीय सन्तुलन कायम गरी उचित तथा व्यवस्थित बसोबासको व्यवस्था गर्ने, उचित प्रविधिको अनुसन्धान तथा विकास गर्ने, निर्माणसम्बन्धी नीति, नियम र मापदण्डको विकास गर्ने जस्ता कार्यमा संलग्न गराउन सकेमा जिल्लास्थित कार्यालयहरूको उपादेयता बढ्ने र व्यवस्थित शहरी विकास र आवास योजना कार्यान्वयनमा सहयोग पुग्न जाने भएकाले नेपाल सरकार (म.प.)को मिति २०५४ असार ५ गतेको निर्णयानुसार २०५४ साल श्रावण १ गतेदेखि लागु हुने गरी भवन विभाग अर्न्तर्गतको काठमाण्डौ र ललितपुर बाहेकका ७३ जिल्ला भवन कार्यालय यस विभाग अन्तर्गत आई ६९ वटा आवास तथा शहरी विकास कार्यालयमा परिणत भएका थिए ।


यसै क्रममा व्यवस्थित आवास तथा शहरी विकास एवं उपयुक्त भवन निर्माणसम्बन्धी कार्यको दोहोरोपन हटाई एउटै निकाय मार्फत् अगाडि बढाउने उद्देश्यले समान उद्देश्य र कार्यक्षेत्र एवं जनशक्ति भएका साविकका भवन विभाग र आवास तथा शहरी विकास विभागलाई नेपाल सरकार (मन्त्री परिषद्) को मिति २०५७/३/२६ को निर्णयानुसार एकीकृत गरी यस शहरी विकास तथा भवन निर्माण विभागको स्थापना भएको हो । यस विभाग मातहतमा ५ क्षेत्रीय निर्देशनालयहरू, विशेष भवन निर्माण सम्भार डिभिजन र ६८ जिल्ला शहरी विकास तथा भवन निर्माण कार्यालयहरू रहेकोमा नेपाल सरकारको खर्चलाई वाञ्छित सीमाभित्र ल्याई सार्वजनिक खर्च कटौती गर्ने एवं विद्यमान सङ्गठनलाई प्रभावकारी बनाउने उद्देश्यले नेपाल सरकार (म.प.)को मिति २०५८/८/२१ को निर्णयानुसार विभागको पुनःसंरचना गरी साविकका जिल्ला कार्यालयहरूको बदला १ भन्दा बढी जिल्ला कार्य क्षेत्र रहने गरी २५ वटा डिभिजन कार्यालय र १ भवन प्रविधि अनुसन्धान तथा तालिम केन्द्रको स्थापना भै तदनुरूप कार्य सञ्चालन हुँदै आएकोमा विभागलाई थपिएको वृहत जिम्मेवारीका कारण भैरहेकै जनशक्तिबाट ती थप कार्य पनि सम्पादन गर्नु पर्ने अवस्थालाई दृष्टिगत गरी नेपाल सरकारलाई आर्थिक भार नपर्ने गरी मौजुदा सङ्गठन संरचनामा कार्य बोझ कम भएका स्थानबाट दरबन्दी विभागमा सारी विभागको दरबन्दीलाई हेरफेर गरी नेपाल सरकारको मिति २०६२/१२/१५ को निर्णयानुसार सङ्गठनको पुनःसंरचना गरी कार्य सञ्चालन भएको थियो । तत्पश्चात २०७२ सालको नेपालको संविधान मार्फत संघिय लोकतान्त्रिक गणतन्त्रको स्थापना भए अनुसार को संघिय संरचनमा लाइ आत्मसाथ गर्दै आ.व ८०/८१ सम्ममा विभिन्न ७ वटा संघिय आयोजना कार्यन्वयन ईकाई, १३ वटा सघन शहरी तथा भवन निर्माण आयोजना, वुटवल सभाहल तह प्रदर्शनी केन्द्र निर्माण कार्यान्वयन ईकाई तथा केन्द्रीय स्तरमा रहेका आयोजना कार्यालयहरु बाट कार्य संचालन भएको छ ।

## संस्थागत कार्यक्षेत्र तथा उद्देश्य

विभागको कार्यक्षेत्र :-

आवास तथा वस्ती विकास:-

- ❖ सुरक्षित नागरिक आवास कार्यक्रम
  - गरिबीको रेखामुनी रहेका आगलागी तथा हावा, पानीबाट सुरक्षित राख्न पराल वा खरको छाना मुनी भएका गरिवीको रेखामुनी रहेका घर परिवारलाई जस्तापाताको छानामुनी ल्याउन वित्तिय अनुदान उपलब्ध गराउने ।**(स्थानीय तहमा आ.व २०७६/७७ देखि वित्तिय हस्तान्तरण भएको)**




- ❖ जनता आवास कार्यक्रम
  - राष्ट्रिय दलित आयोगको सूचीमा सुचिकृत दलित, विपन्न मुसलमान तथा लोपोन्मुख र अति सिमान्तकृत जाती तथा समुदायमका विपन्न वर्गहरुलई आवासको व्यवस्था गर्ने **(प्रदेश तहमा आ.व २०७५/७६ देखि वित्तिय हस्तान्तरण भएको)**
- ❖ इमर्जेन्सी सेल्टर निर्माण
  - बाढी तथा डुवान जस्ता विपदको समयमा आपतकालिन आवासका रुपमा प्रयोग गर्न ।
- ❖ एकीकृत वस्ती विकास कार्यक्रम
  - ७ वटै प्रदेशमा वस्ती विकास कार्यक्रम अन्तर्गत व्यवस्थित वस्तीको लागि पूर्वाधार निर्माण तथा स्तरोन्नति कार्य गर्न।
  - जोखिमयुक्त वस्ती स्थानान्तरण को कार्य ।

शहरी विकास:-

- ❖ सघन शहरी विकास कार्यक्रम
  - सघन शहरी विकास कार्यक्रम अन्तर्गत क्रमागत १०४ वटा नगरपालिकामा एकिकृत शहरी पूर्वाधार निर्माण
  - सघन शहरी विकास कार्यक्रम अन्तर्गत आ.व. २०८१/८२ मा थप ९ नयाँ नगरपालिकामा एकिकृत शहरी पूर्वाधार निर्माण प्रस्ताव गरिएको
- ❖ नयाँ शहर आयोजना
  - मध्य पहाडी लोकमार्ग आसपासका विभिन्न शहरहरुमा शहरी पूर्वाधार निर्माण कार्य
  - नेपाल सरकार/ मन्त्रालयको विभिन्न मितिको निर्णयबाट शहरहरूको संख्या १०+२ बाट ५४ पुगेको ।
- ❖ क्षेत्रीय शहरी विकास आयोजना(RUDP)
  - धनगढी,गोदावरी,भिमदत्त र शुक्लाफाँटा न.पा.मा शहरी पुर्वाधार निर्माण
  - विराटनगर, विरगन्ज, शिद्धार्थनगर र नेपालगन्जमा शहरी पुर्वाधार निर्माण
- ❖ शहरी उत्थानशिलता तथा जीवनयापन सुधार आयोजना(URLIP)

- पोखरा महानगरपालिका, जनकपुर महानगरपालिका, देवदह न.पा., लुम्बिनी सांस्कृतिक न.पा., सिद्धार्थनगर न.पा., तिलोत्तमा न.पा.र सैनामैना न.पा.मा शहरी पुर्वाधार निर्माण

❖ नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना(NUGIP)
- १७ वटा नगरपालिकाहरुमा शहरी पुर्वाधार निर्माण
- १२ वटा नगरपालिकाहरुमा क्षमता अभिवृद्धि कार्यक्रम संचालन

❖ शहरी कोरिडोर आयोजना
- क्षेत्रीय शहरी विकासको अवधारणाअनुसार शहरी आर्थिक कोरिडोरहरुमा शहर विस्तारका लागि अध्ययन गरी शहरी पूर्वाधार विकास गर्ने (NUDS 2017 राष्ट्रिय शहरी विकास रणनीति)

भवन निर्माण:-


❖ विशेष भवन निर्माण आयोजना
- संघीय संसद भवन निर्माण
- भैंसेपाटी स्थित मन्त्री निवास निर्माण
- सिंहदरवारको ग्यालरी बैठक भवनको रेट्रोफिटिङ्ग
- राष्ट्रिय किताबखाना र मानव अधिकार आयोगको भवन निर्माण
- चण्डीदल गणका लागि भवन निर्माण
- श्री महल भवनको पुर्ननिर्माण

❖ भवन निर्माण संहिता सरकारी भवन निर्माण
- अन्तर्राष्ट्रिय सभाहल, भ्यु टावर, बहुउद्देश्यीय सभाहल लगायतका विशिष्ट प्रकारको संरचना भएका सार्वजनिक भवनहरु निर्माण गर्ने
- संघीय सरकार अन्तर्गतका संघीय सरकारी कार्यालय भवनहरुको निर्माण
- राष्ट्रिय भवन संहिता कार्यान्वयनका लागि प्रदेश तथा स्थानीय तहको प्राविधिक दक्षता वृद्धि गरिने।

❖ पुननिर्माण (CLPIU)
- भुकम्प पश्चात क्षतिग्रस्त भएका सरकारी कार्यालय भवन, स्वास्थ्य भवन पुननिर्माण, वस्ती विकास निर्माण सुधार र सम्पदा संरक्षण तथा जिर्णोद्धार, निजि आवास पुननिर्माणको लागि अनुदान

❖ संघीय सरकारी कार्यालय भवन मर्मत संभार
- संघीय सरकार अन्तर्गतका संघीय सरकारी कार्यालय भवन मर्मत सुधार

## संगठन संरचना (आ.व ८०/८१)



## दरवन्दी अवस्था (आ.व ८०/८१)

अनुसूची २.१

सहरी विकास मन्त्रालय

सहरी विकास तथा भवन निर्माण विभागको दरबन्दी तेरिज

| सि.नं. | पद | श्रेणी/तह | सेवा | समूह | उपसमूह | मौजुदा दरबन्दी | थप | घट | खुद कायम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | महानिर्देशक | रा.प.प्र.प्रा | इन्जि | सिभिल | बि.एण्ड.आर | १ | ० | ० | १ | |
| २ | उपमहानिर्देशक | रा.प.प्र.प्रा | इन्जि | सिभिल | बि.एण्ड.आर | ३ | ० | ० | ३ | |
| ३ | उपसचिव | रा.प.द्वि.प्र | प्रशासन | सा.प्र | | १ | ० | ० | १ | |
| ४ | उपसचिव | रा.प.द्वि.प्र | प्रशासन | लेखा | | १ | ० | ० | १ | |
| ५ | सि.डि.ई | रा.प.द्वि.प्रा | इन्जि | सिभिल | बि.एण्ड.आर | १३ | ० | १ | १२ | |
| ६ | शाखा अधिकृत | रा.प.तृ.प्र | प्रशासन | सा.प्र | | २ | ० | ० | २ | |
| ७ | लेखा अधिकृत | रा.प.तृ.प्र | प्रशासन | लेखा | | १ | ० | ० | १ | |
| ८ | कानून अधिकृत | रा.प.तृ.प्रा | न्याय | कानून | | १ | ० | ० | १ | |
| ९ | पुस्तकालय अधिकृत | रा.प.तृ.प्रा | शिक्षा | पुस्तकालय | | १ | ० | ० | १ | |
| १० | इन्जिनियर | रा.प.तृ.प्रा | इन्जि | सिभिल | बि.एण्ड.आर | २४ | ० | २ | २२ | |
| ११ | इन्जिनियर | रा.प.तृ.प्रा | इन्जि | सिभिल | स्याने | २ | ० | ० | २ | |
| १२ | इलेक्ट्रिकल इन्जिनियर | रा.प.तृ.प्रा | इन्जि | इले. | ज.इले. | १ | ० | ० | १ | |
| १३ | इन्जिनियर | रा.प.तृ.प्रा | इन्जि | सिभिल | हाइवे | १ | ० | ० | १ | |
| १४ | नापी अधिकृत | रा.प.तृ.प्रा | इन्जि | | | १ | ० | ० | १ | |
| १५ | कम्प्युटर इन्जिनियर | रा.प.तृ.प्रा | विविध | | | २ | ० | ० | २ | |
| १६ | तथ्याङ्क अधिकृत | रा.प.तृ.प्रा | आ.यो | | | १ | ० | ० | १ | |
| १७ | ना.सु. | रा.प.अन.प्र | प्रशासन | सा.प्र | | ८ | ० | १ | ७ | |
| १८ | लेखापाल | रा.प.अन.प्र | प्रशासन | | | ३ | ० | १ | २ | |
| १९ | कम्प्युटर अपरेटर | रा.प.अन.प्र.प्रा | विविध | | | ४ | ० | १ | ३ | |
| २० | सबइन्जिनियर | रा.प.अन.प्र.प्रा | इन्जि | सिभिल | बि.एण्ड.आर | ५ | ० | २ | ३ | |

सुरेश अधिकारी
सचिव

| सि.नं. | पद | श्रेणी/तह | सेवा | समूह | उपसमूह | मौजुदा दरवन्दी | थप | घट | खुद कायम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २१ | खरिदार | रा.प.अन.द्वि.प्र. | प्रशासन | सा.प्र | | २ | ० | ० | २ | |
| २२ | ह.स.चा | श्रेणी विहिन | | | | ८ | ० | १ | ७ | |
| २३ | कार्यालय सहयोगी | श्रेणी विहिन | | | | १५ | ० | २ | १३ | |
| | जम्मा | | | | | १०१ | ० | ११ | ९० | |

आयोजना कार्यान्वयन समूह तर्फ (पुल)

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सु.ई (आयोजना निर्देशक) | रा.प.प्र.प्रा | इन्जि | सिभिल | वि.एण्ड.आर | ६ | ० | ० | ६ | |
| २ | सि.डि.ई (आयोजना उपनिर्देश | रा.प.द्वि.प्रा | इन्जि | सिभिल | वि.एण्ड.आर | २२ | ० | ० | २२ | |
| ३ | इन्जिनियर | रा.प.तृ.प्रा | इन्जि | सिभिल | वि.एण्ड.आर | १२७ | ० | ० | १२७ | |
| ४ | सव-इन्जिनियर (पुल) | रा.प.अन.प्र | इन्जि | सिभिल | वि.एण्ड आर | २७ | ० | ० | २७ | |
| ५ | अ.सव-इन्जिनियर (पुल) | रा.प.अन.द्वि | इन्जि | सिभिल | वि.एण्ड आर | २० | ० | ० | २० | |
| | जम्मा | | | | | २०२ | ० | ० | २०२ | |
| | कूल जम्मा | | | | | ३०३ | ० | ११ | २९२ | |

सुरेश अधिकारी
सचिव

**महानिर्देशक, उपमहानिर्देशक, महाशाखा तथा शाखाहरुको कार्य विवरण (आ.व ८०/८१ सम्म)**

महानिर्देशकको कार्य विवरण

- शहरी विकास मन्त्रालय, अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय लगायतका निकायसंग सम्पर्क र समन्वय सम्बन्धी,
- विभाग र अन्तर्गतका कार्यालय तथा आयोजनाबाट संचालित कार्यक्रमको सुपरिवेक्षण र अनुगमन सम्बन्धी,
- विभागको प्रशासनिक र व्यवस्थापकिय नेतृत्व,
- उच्च स्तरीय बैठकमा विभागको प्रतिनिधित्व सम्बन्धी,
- वजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन सम्बन्धी,
- बेरुजु फछ्यौंट सम्बन्धी,
- महाशाखा प्रमुखहरुलाई आवश्यक निर्देशन र समन्वय,
- तालुक निकायहरुको नीति निर्देशन पालना सम्बन्धी ।

क) कर्मचारी प्रशासन शाखा

- विभागबाट हुने सम्पूर्ण प्रशासनिक कार्यहरु सम्पादन गर्ने तथा अन्तर्गतका निकायहरुको प्रशासनिक कार्यहरुको समन्वय गर्ने,
- विभाग र अन्तर्गतका कर्मचारीहरुको नियुक्ति, विदा, काज, सरुवा, बढुवा, तालिम, प्रोत्साहन पुरस्कार, छात्रबृत्ति, विभागीय कारवाही लगायतका प्रशासनिक कार्यहरु सम्पादन गर्ने/निर्णयका लागि रायसाथ पेश गर्ने,
- विभागको निरिक्षण, पालोपहरा, सरसफाई, सवारी साधनको व्यवस्था आदि कार्यहरु गर्ने गराउने,
- विभागमा माग भै आएका प्रशासनिक राय, सल्लाह, सुझाव तथा निर्देशनहरु सम्बन्धित निकायलाई उपलव्ध गराउने,
- आवश्यकता अनुसार विभाग र अन्तर्गतका कार्यक्रम र कर्मचारीहरुको अनुगमन गर्ने,
- विभाग र अन्तर्गतका कार्यालयहरुको सम्पूर्ण प्रशासनिक कार्यहरुको अनुगमन समन्वय र निर्देशन गर्ने,
- विभागको आन्तरिक व्यवस्थापन तथा सुशासन प्रबर्धन सम्बन्धी कार्य सम्पादन गर्ने,
- स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मुल्यांकन गरि आवश्यकता अनुसार विभागीय प्रमुख समक्ष पेश गर्ने,
- कर्मचारी प्रशासनको निर्णयको क्रममा विभागीय प्रमुखलाई राय उपलव्ध गराउने ।
- शाखालाई तोकिएका कार्यहरुका अतिरिक्त कुनै पनि शाखाले सम्पादन गर्ने भनी किटानी गरिएका भन्दा बाहेक सम्पूर्ण कार्य गर्ने ।

ख) आर्थिक प्रशासन शाखा

- बिभागको आर्थिक—वित्तीय प्रशासन तथा ब्यवस्थापन सम्बन्धी,
- आयोजना र कार्यक्रमहरुको आवधिक विवरण तथा फांटवारीहरु तयारी सम्बन्धी,
- स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मुल्यांकन सम्बन्धि,

- विभाग र अन्तर्गतका कार्यालयहरुका लागि आवश्यक साधारण बजेट तयारी सम्बन्धी,
- विभाग र अन्तर्गतका संचालन हुने आयोजना र कार्यक्रमहरुको पूँजिगत बजेट तयारीका क्रममा योजना शाखासँग समन्वय सम्बन्धी,
- विभाग र अन्तर्गतका कार्यालयहरुका लागि कोष तथा लेखा नियन्त्रक कार्यालयबाट चालु र पुँजिगत बजेट निकासा आर्थिक कारोवार गर्ने, श्रेष्ता राख्ने र नियमित रुपमा प्रतिवेदन तयारी सम्बन्धी,
- आन्तरिक तथा अन्तिम लेखापरीक्षण सम्बन्धी,
- महालेखापरीक्षकको कार्यालयबाट औल्यांइएका वेरुजु तथा पेश्की फछ्र्यौट सम्बन्धी,
- रकमान्तर सम्बन्धी,
- विभागीय प्रमुख र महाशाखा प्रमुखलाई आर्थिक प्रशासनको निर्णयमा राय प्रतिकृया दिने सम्बन्धी,
- महालेखा नियन्त्रक कार्यालयको निर्देशन कार्यान्वन समबन्धी ।

ग) कानुन तथा विवाद व्यवस्थापन ईकाई

- महानिर्देशक, उप—महानिर्देशक र विभाग अन्तर्गतका निकायहरुवाट कानुनी राय माग भएको विषयमा कानुनी राय परामर्श उपलब्ध गराउने सम्बन्धी,
- विभाग र अन्तर्गतका कार्यालयहरुमा परेका विवाद निरुपण सम्वन्धी विषयमा लिखित जवाफ तथा पुनरावेदन पत्र तयार गरी सम्वन्धित निकायमा दर्ता गराउने सम्बन्धी,
- महानिर्देशक, उप—महानिर्देशक र विभाग अन्तर्गतका निकायहरुको कानुन सम्वन्धी विषयमा विभागको तर्फवाट न्यायिक, अर्ध न्यायिक विषयमा विभागको तर्फवाट प्रतिनिधित्व गर्ने सम्बन्धी,
- विभागको खरिद व्यावस्थापन सम्वन्धी कार्यमा मुल्याङ्कन समितिको सदस्यको रुपमा कार्य गर्ने सम्बन्धी,
- तोकिएको थप कार्यहरु सम्बन्धी ।

उप—महानिर्देशकहरुको कार्य विवरण

- तोकिएको महाशाखाको नेतृत्व,
- महाशाखा अन्तर्गतका वार्षिक कार्यक्रम तर्जुमा, कार्यान्वयन, सुपरिवेक्षण तथा अनुगमन सम्बन्धी,
- शाखाहरुलाई कार्य सम्पादनका लागि निर्देशन र समन्वय सम्बन्धी,
- तोकिएको कार्यदलहरुमा विभागको प्रतिनिधित्व सम्बन्धी,
- महानिर्देशकलाई राय सल्लाह,
- महानिर्देशकबाट तोकिएका अन्य कार्यहरु ।

**आवास महाशाखा**

- एकीकृत वस्ती सम्बन्धी नीति, कार्यक्रम तथा मापदण्ड सम्बन्धी,
- लक्षित वर्ग तथा अन्य आवास सम्बन्धी नीति, कार्यक्रम तथा मापदण्ड सम्बन्धी,
- विभागको कार्यक्रम सञ्चालनका लागि सम्बन्धित निकायसँग समन्वय गरी योजनाको तर्जुमा सम्वन्धी,

- वैदेशिक सहयोगमा संचालित आयोजनाहरुमा समन्वय सम्बन्धी,
- विभागको खरिद व्यवस्थापन सम्बन्धी,
- जग्गा विकास चक्रकोष सम्बन्धी,
- कार्यक्रमको प्रगति अनुगमन, मुल्यांकन र अभिलेखीकरण सम्बन्धि,
- कार्यक्रम कार्यान्वयनका समस्या समाधान गर्न विभाग र अन्तर्गतका निकाय बीच समिक्षा, छलफल तथा अन्तरक्रिया सम्बन्धी,
- महानिर्देशकबाट तोकिएका अन्य कार्यहरु ।

उपरोक्त कार्यहरु सम्पन्न गर्नका लागि यस महाशाखा अन्तर्गत विभिन्न शाखाहरु राखिएका छन् । शाखाहरुबाट सम्पादन हुने कार्यहरु देहाय बमोजिमका छन् ।

क) आवास शाखा

- एकीकृत वस्ती विकास सम्बन्धी,
- प्रदेश र स्थानीय तहमा लोपोन्मुख, सिमान्तकृत, गरिव, जेष्ठ नागरिक तथा लक्षित आवासको नीति, मापदण्ड र नियमन सम्बन्धी,
- आवास नीति अनुसार आवास योजनाका लागि जग्गा प्राप्ति तथा तर्जुमा र कार्यान्वयन सम्बन्धी,
- आवास आपूर्ति र वातावरण बिच सामन्जस्यता कायम गर्न नीति, कानून तथा मापदण्ड सम्बन्धी,
- राष्ट्रिय महत्वका आयोजनावाट विस्थापितको लागि पूर्नवास योजना कार्यान्वयन सम्बन्धी,
- कर्मचारी आवासको नीति, मापदण्ड, कार्यान्वयन र नियमन सम्बन्धी,
- विशिष्ट पदाधिकारीहरुको सरकारी आवासको नीति, मापदण्ड कार्यान्वयन र नियमन सम्बन्धी,
- जग्गा विकास चक्रकोष सम्बन्धी,
- महानिर्देशक र उपमहानिर्देशकबाट तोकिएका अन्य कार्यहरु ।

ख) योजना तथा विकास सहायता शाखा

- विभागका लागि अल्पकालीन तथा दीर्घकालिन योजनाहरुको तर्जुमा सम्बन्धी,
- विभाग र अन्तर्गतका निकायवाट संचालन गरिने वार्षिक कार्यक्रमहरुको तर्जुमा गरी स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनको लागि सम्बद्ध निकायहरुमा पठाउने सम्बन्धी,
- आयोजना र कार्यक्रमहरुको आवधिक प्रगति विवरणहरु प्राप्त गरी प्रतिवेदन तयार गर्ने सम्बन्धी,
- आयोजना चक्रमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण समाहित गर्ने सम्बन्धि,
- वैदेशिक सहयोगका आयोजना तर्फका कार्यक्रम समन्वय सम्बन्धि,
- विभागको सूचना अधिकारी सम्बन्धी,
- महानिर्देशक र उपमहानिर्देशकबाट तोकिएका अन्य कार्यहरु ।

ग) खरिद अनुगमन मूल्याङ्कन तथा अभिलेख शाखा

- वार्षिक खरिद योजना तयारि र स्वीकृति सम्बन्धि,
- बहुबर्षीय खरिद गुरुयोजना तयारी र स्वीकृति सम्बन्धि,
- विभागको सार्वजनिक खरिद सम्बन्धी खरिद इकाई प्रमुख,
- खरिद शाखा प्रमुखको रुपमा सार्वजनिक खरिद ऐन/नियमावलीले तोकेका कार्यहरु सम्बन्धी,
- विभागको विद्युतिय खरिद सम्बन्धी,
- विभाग र अन्तर्गतका आयोजनाहरु र कार्यक्रमहरुको नियमित रुपमा अनुगमन तथा निरिक्षण सम्बन्धी,
- कार्यक्रम अनुगमन निरीक्षणको लागि कर्मचारी खटाउन सिफारिस गराउने सम्बन्धी,
- अनुगमन तथा निरिक्षण प्रतिवेदनका आधारमा प्रगति विवरण तयार गरी महाशाखा प्रमुख तथा विभागिय प्रमुख समक्ष पेश गर्ने सम्बन्धी,
- पुस्तकालय, ई—पुस्तकालय तथा डकुमेन्टेशन सेन्टर सम्बन्धी,
- प्रगति प्रतिवेदनको सुझावलाई अभिलेखिकरण गरी वेभ साइटमा प्रकाशन सम्बन्धी,
- विभागको वेभ साइट संचालन सम्बन्धी,
- महानिर्देशक र उपमहानिर्देशकबाट तोकिएका अन्य कार्यहरु ।

घ) संयुक्त तथा बहुतले भवन नियमन शाखा

- संयुक्त र बहुतले आवास भवन निर्माण ऐन/नियममा समयानुकुल अध्यावधिक गर्न सिफारिस सम्बन्धी,
- संयुक्त र बहुतले आवास भवन निर्माणमा देखा परेका समस्याहरु पहिचान गरी समाधानका लागि कार्यविधि/निर्देशिका तयार गरी स्वीकृति सम्बन्धी,
- संयुक्त र बहुतले आवास भवन निर्माण अनुमतिका लागि पेश भएका प्रस्तावहरु चेकजाँच गरी निर्माण स्वीकृति सम्बन्धी,
- संयुक्त र बहुतले आवास भवन निर्माणको अनुगमन गरी निर्माण सम्पन्न प्रमाणपत्र सम्बन्धी,
- संयुक्त र बहुतले आवास भवन निर्माण प्रविधिको अध्ययन, अनुसन्धान र विकास सम्बन्धी,
- संयुक्त आवासको स्वामित्व सम्बन्धी ऐन २०५४ मा तोकिएका कार्य सम्बन्धी ।
- महानिर्देशक र उपमहानिर्देशकबाट तोकिएका अन्य कार्यहरु ।

**शहरी विकास महाशाखा**

- वस्ती विकास नीति, शहरी विकास नीति र शहरी विकास रणनीति तथा व्यावसायिक योजना सम्बन्धि,
- वस्तीहरुको भौतिक विकास योजना र शहरी पूर्वाधार विकास नीति मापदण्ड र समन्वय सम्बन्धी,
- शहरी वातावरण र जलवायु अनुकुलनता सम्बन्धी,
- शहरी तथ्यांक तथा भू—सूचना र आयोजना बैंक सम्बन्धी,
- विशिष्ट शहरी पूर्वाधार लगानीको पहिचान, तयारी, कार्यान्वयन, अनुगमन नियमन सम्बन्धी,
- संघ प्रदेश र स्थानीय तहको भौतिक विकास तथा शहरी पूर्वाधार सम्बन्धी,
- शहरी योजना तथा विकास केन्द्र सम्बन्धी,
- महानिर्देशकबाट तोकिएका अन्य कार्यहरु ।

उपरोक्त कार्यहरु सम्पन्न गर्नका लागि यस महाशाखा अन्तर्गत विभिन्न शाखाहरु राखिएका छन् । शाखाहरुबाट सम्पादन हुने कार्यहरु देहाय बमोजिमका छन् ।

क) भौतिक योजना शाखाः

- संघ प्रदेश र स्थानीय तहको भौतिक विकास तथा शहरी विकासको समन्वय सम्बन्धी,
- शहरी आर्थिक करिडोरको भौतिक विकास योजना तर्जुमा सम्बन्धी,
- राष्ट्रिय महत्वको भौतिक विकास योजना तर्जुमा र निर्देशिका सम्बन्धी,
- भौतिक विकासमा प्रदेश र स्थानीय तहसंगको सम्पर्क सम्बन्धी,
- प्लानिङ्ग नमर्स तथा स्टेण्डर्स व्यवसायिक योजना अद्यावधिक, वितरण र नियमन सम्बन्धी,
- शहरी विकास सम्बन्धी कार्यका लागि नीति तर्जुमा तथा कार्यान्वयन अवस्थाको अनुगमन सम्बन्धी,
- राष्ट्रिय शहरी नीतिको कार्यान्वयन अवस्था पुनरावलोकन, आवधिक परिमार्जन तथा संशोधन सम्बन्धी,
- अर्वन डिजाइन गाइडलाइन सम्बन्धी,
- नगर विकास समितिहरुलाई प्राविधिक सहयोग उपलव्ध गराउने सम्बन्धी,
- नगर विकास समिति सम्बन्धी ऐन नियमको आवधिक परिमार्जन र संशोधन सम्बन्धी,
- भौतिक योजना तर्जुमा कार्यान्वयनसंग सम्बन्धीत ऐन, नियम, निर्देशिकाहरुको मस्यौदा सम्बन्धी,
- शहरी योजना तथा विकास केन्द्रको समन्वय सम्बन्धी,
- शहरी पूर्वाधारको अवस्था सूचक सम्बन्धी,
- महानिर्देशक र उपमहानिर्देशकबाट तोकिएका अन्य कार्यहरु ।

ख) वातावरण शाखा

- शहरी वातावरण सुधार र संरक्षणका कार्यक्रमहरु तर्जुमा सम्बन्धी,
- शहरी वातावरण सूचकहरुको तथ्यांक सम्बन्धी,
- शहरी वातावरण निर्देशिका अद्यावधिक सम्बन्धमा,
- शहरी वातावरण र जलवायू परिवर्तन सम्बन्धी नीति तर्जुमा, मापदण्ड तथा कार्यान्वयनको लागि सम्पर्क शाखा,
- प्रदेश र स्थानीय तहको सहकार्यमा स्वच्छ शहरी वातावरण कायम गर्न कार्यक्रमहरु सञ्चालन र समन्वय सम्बन्धी,
- शहरी क्षेत्रमा जलवायू परिवर्तन बारे अध्ययन विश्लेषण गरी जलवायू परिवर्तन अनुकुलन हुने गरी शहरी पूर्वाधार निर्माण गर्न निर्देशिका र कार्यविधि तर्जुमा सम्बन्धी,
- महानिर्देशक र उपमहानिर्देशकबाट तोकिएका अन्य कार्यहरु ।

ग) शहरी तथ्यांक तथा भू सूचना शाखा

- शहरी क्षेत्रको तथ्यांक, डिजिटल आधार नक्शारअर्बन म्याप तथा सूचना अद्यावधिक सम्बन्धी,
- प्रदेश तथा स्थानीय तहसंग समन्वय गरि शहरी क्षेत्रको भूसूचना प्रणाली विकास गर्ने र सूचना आदान प्रदान सम्बन्धी,

- शहरी भू—सूचना प्रणाली विकास गर्न आवश्यक नीति तर्जुमा र कार्यान्वयन सम्बन्धी,
- राष्ट्रिय शहरी सूचना केन्द्र सम्बन्धी,
- भू—सूचना सम्बन्धी कार्यमा विभागको सम्पर्क शाखा,
- विभागीय कार्यक्षेत्रसंग सम्बन्धित तथ्याङ्कहरु सम्बन्धी,
- शहरी मेट्रिक्स ठेगाना प्राणाली सम्बन्धी,
- महानिर्देशक र उपमहानिर्देशकबाट तोकिएका अन्य कार्यहरु ।

घ) शहरी पूर्वाधार विकास शाखा

- महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकाहरुबाट गरिने शहरी योजना र विकास सम्बन्धी कार्यहरुको मापदण्डमा एकरुपता सम्बन्धी,
- शहरी पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड तर्जुमा गर्ने र अनुगमन मूल्यांकन सम्बन्धी,
- संघीय महत्वका राष्ट्रिय शहरी पूर्वाधारहरुको आवश्यकताको पहिचान र कार्यान्वयन सम्बन्धी,
- विशिष्ट शहरी संरचनाहरुको पहिचान, मापदण्ड तर्जुमा र कार्यक्रम कार्यान्वयन सम्बन्धी,
- राष्ट्रिय शहरी विकास रणनीति बमोजिम नगरपालिकाहरुको शहरी प्रणालीको अध्ययन गर्ने र शहरी पूर्वाधार अवस्था सूचक (Urban Infrastructure Condition Index) अद्यावधिक सम्बन्धी,
- महानिर्देशक र उपमहानिर्देशकबाट तोकिएका अन्य कार्यहरु ।

**भवन महाशाखा**

- विभागको उद्देश्य अनुरुप भवन निर्माण सम्बन्धी नीति, मापदण्ड, निर्देशिका र कार्यविधि तर्जुमा र कार्यान्वयन सम्बन्धी,
- राष्ट्रिय भवन संहिता परिमार्जन र कार्यान्वयन तथा अनुगमन, मूल्यांकन र नियमन सम्बन्धी,
- सरकारी भवनहरुको डिजाइन, लागत अनुमान तयार गर्ने गराउने सम्बन्धी,
- अनुरोध भई आएमा अन्य सरकारी निकायलाई भवन निर्माण सम्बन्धी प्राविधिक सहयोग सम्बन्धी,
- भवन ऐन अनुसार विभागलाई तोकिएको जिम्मेवारी निर्वाह गर्ने सम्बन्धी,
- अन्य निकायबाट अनुरोध भई आएमा निर्माण गरिने भवन राष्ट्रिय भवन संहिताका प्रावधान अनुरुप भए नभएको सिफारिस सम्बन्धी,
- नियमित रुपमा सरकारी भवनहरुको लगत, मर्मत तथा मूल्यांकन सम्बन्धी,
- अन्तराष्ट्रिय तथा राष्ट्रिय स्तरका ठुला सभाहल, स्तम्भ तथा भ्यू टावर निर्माण सम्बन्धी,
- स्वास्थ्य, भंसार र श्रम भवन निर्माण सम्बन्धी,
- भवन सर्भिसेज सम्बन्धी,
- प्रकोप पश्चात्तको पुनर्निर्माण सम्बन्धी,
- महानिर्देशकबाट तोकिएका अन्य कार्यहरु ।

महाशाखाबाट गरिने काम प्रभावकारी रुपमा सम्पन्न गर्नका लागि महाशाखा अन्तर्गत निम्नअनुसारका शाखाहरु स्थापना भएका छन् ।

क) डिजाईन तथा निर्माण शाखा

- सरकारी कार्यालय भवन निर्माणस्थल छनौट, आर्किटेक्चरल तथा इन्जिनियरिङ डिजाईन एवं ड्रईङ्ग सम्बन्धी,
- भवन निर्माण कार्यको गुरुयोजना तयार तथा Geo-Technical Investigation सम्बन्धी,
- भवनका नमुना डिजाईनहरु सम्बन्धी,
- अन्य सरकारी निकायहरुवाट अनुरोध भएमा डिजाईन ड्रईङ्गहरुको पुनरावलोकन (Review) सम्बन्धी,
- अन्य सरकारी निकाय, प्रदेश र स्थानीय तहवाट अनुरोध भएमा कुनै विशेष भवन संरचनाको डिजाईन ड्रईङ्ग तयार गर्ने सम्बन्धी,
- संघीय सरकारका भवन संरचनाहरुको आवश्यकता अनुसार अवलोकन मूल्याङ्कन सम्बन्धी,
- राष्ट्रिय महत्वका संरचनाहरुका डिजाईन तथा कार्यान्वयन गर्ने,
- भवन डिजाइन तथा निर्माण गर्दा अपाङ्गमैत्री तथा समावेशीकरणको विषय सम्बोधन सम्बन्धी,
- सरकारी भवनहरुको निर्माण कार्यको निरीक्षण तथा अनुगमन र गुणस्तर कायम गर्न स्पेसिफिकेसन तयार र सुधार सम्बन्धी,
- महानिर्देशक र उपमहानिर्देशकबाट तोकिएका अन्य कार्यहरु ।

ख) मर्मत मूल्याङ्कन तथा सर्भिसेज शाखा

- सरकारी संघीय भवनहरुको लगत राखी मर्मत सुधार गर्ने सम्बन्धी,
- विभिन्न भौगोलिक क्षेत्रमा विद्यमान परम्परागत स्थानीय भवन निर्माण प्रविधिको विश्लेषण गरी स्थानीय विशेष निर्माण सामाग्री र प्रविधि समेतको उपयोग गरी बलियो, टिकाउ, मितव्ययी र वातावरणमैत्री भवन मर्मत संभार गर्ने सम्बन्धी,
- नेपाल सरकार अन्तर्गतका विभिन्न निकायबाट मूल्याङ्कनका लागि माग भए अनुरुप भवनको मूल्याङ्कन सम्बन्धी,
- भवन मर्मत कार्यको लागि वजेट तर्जुमा र मातहत कार्यालयमा विनियोजित वजेट वितरणको व्यवस्था मिलाई मर्मतको लागि प्राथमिकता सूची निर्धारण सम्बन्धी,
- भवन मर्मत कार्यको लागि उपयुक्त प्रविधिको विकास एवं प्रविधि र निर्माण समाग्रीहरु वारे तालिम दिने सम्बन्धी,
- विपद पश्चातको सङ्घीय स्तरको सरकारी संरचनाहरूको मर्मत र सबलीकरण (Retrofitting) सम्बन्धी नीति, मापदण्ड, योजना तर्जुमा र कार्यान्वयन सम्बन्धी,
- मर्मत, प्रबलीकरण वा नयाँ निर्माण गरिने यस्ता संरचनाहरूको लागत अनुमान, डिजाइन र पुनर्निर्माणको गुरुयोजना समेत तयार गरी कार्यान्वयन गर्ने सम्बन्धी,
- पुननिर्माण सम्बन्धी निर्देशिका तथा मापदण्डहरूको अध्यावधिक गर्ने सम्बन्धी,
- पुनर्निर्माण कार्यको लागि स्थानीय तह र प्रदेशसँग समन्वय गर्ने सम्बन्धी,
- पुनर्निर्माणका लागि बजेट तर्जुमा र स्वीकृति सम्बन्धी,
- महानिर्देशक र उपमहानिर्देशकबाट तोकिएका अन्य कार्यहरु ।

ग) भवन संहिता तथा मापदण्ड शाखा

- राष्ट्रिय भवन निर्माण संहिता तर्जुमा, अध्यावधिक र कार्यान्वयन गर्ने सम्बन्धी,
- भवन निर्माण सम्वन्धी निर्माण सामग्री र प्रविधिको विकास गर्न यस क्षेत्रका व्यवसायी, उद्योगीहरुसँग समन्वय कायम गर्दै नयाँ प्रविधि विकास सम्बन्धी,
- विभिन्न मुलुकहरुमा भएका भवन निर्माणका नविनतम प्रविधिको अध्ययन अनुसन्धान गर्ने सम्बन्धी ।
- भवन निर्माण क्षेत्रमा कार्यरत सबै तहका जनशक्तिलाई समानूकूल वढी दक्ष तथा कुशल वनाउन तालिम भ्रमण, उच्च शिक्षा अध्ययन, सीप एवं अनुभवको आदान प्रदान को व्यवस्था मिलाउने सम्बन्धी,
- भवन निर्माण सामाग्री प्रयोगशालावाट निर्माण सामाग्रीहरुको गुणस्तरको परीक्षण गर्दै प्राप्त नतिजाको आधारमा उपयुक्त निर्माण सामग्रीको प्रबद्र्धन गर्ने,
- नेपाल सरकारवाट स्वीकृत भएको भवन निर्माण संहिता को कार्यान्वयनको अवस्था को निरन्तर अनुगमन गर्ने सम्बन्धी,
- महानिर्देशक र उपमहानिर्देशकबाट तोकिएका अन्य कार्यहरु ।

घ) स्वास्थ्य भवन शाखा

- संघीय सरकारबाट निर्माण गर्नुपर्ने विभिन्न स्तरका स्वास्थ्य सम्बन्धी भवनहरुको कार्यक्रम तर्जुमा र बजेट व्यवस्थापनको लागि स्वास्थ्य मंत्रालयसँग समन्वय गर्ने सम्बन्धी,
- निर्माणाधिन स्वास्थ्य संस्थाहरुको ठेक्का व्यवस्थापनमा मातहतका कार्यालयहरुलाई निर्देशित गर्ने सम्बन्धी,
- विभिन्न स्तरका स्वास्थ्य सम्बन्धी भवनहरुको निर्माणको सन्दर्भमा विभाग अन्तर्गतका कार्यालयहरुलाई निर्देशन दिने र संभावित कार्यको अनुगमन निरीक्षण सम्बन्धी,
- स्वास्थ्य भवन निर्माणका लागि संघीय स्वास्थ्य मन्त्रालय र स्वास्थ्य सेवा विभागसंग समन्वय गर्ने ।
- विभिन्न स्तरका स्वास्थ्य भवन निर्माणका लागि नमूना डिजाइन, मापदण्ड, कार्यविधी र स्फेसिफिकेसन तयार पार्ने सम्बन्धी,
- स्वास्थ्य क्षेत्रसंग सम्बन्धित विभिन्न भवनहरुको साइट सर्वेक्षण तथा सम्पूर्ण इन्जिनियरिङ्ग डिजाइन तयारी एवं पुनरावलोकन सम्बन्धी,
- महानिर्देशक र उपमहानिर्देशकबाट तोकिएका अन्य कार्यहरु ।

विभागवाट प्रदान गरिने सेवा

नेपाल सरकार

शहरी विकास मन्त्रालय

शहरी विकास तथा भवन निर्माण विभाग

## सेवा प्रवाह निर्देशिका

प्रवक्ता:- आवास महाशाखा प्रमुख

| सि.नं. | सेवाको विवरण | आवश्यक कागजात | लाग्ने दस्तुर | कार्य फछ्यौंटगर्न लाग्ने समय अवधि | जिम्मेवार पदाधिकारी र शाखा,महाशाखा | गुनासो सुन्ने अधिकारी | सेवा प्राप्त गर्ने ब्लक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | पुस्तक तथा प्रकासन विक्री वितरण:<br>(भवन निर्माण निर्देशिका<br>-Building Code Set<br>-Buillding Code CD<br>-काठमाडौ भ्यालि प्लान | खरिद ईकाइमा दस्तुर बुझाएको रसिद | रु.१००।<br>रु.३५०।<br>रु.१५०।<br>रु.५००। | रसिद पेश गर्ना साथ | ना.सु., स्टोर फांट | उ.म.नि.भवन महाशाखा | दक्षिणकाली भवन<br>B7 | |
| २ | नगरपालिकाहरुको Digital BaseMap/Urban Map<br>विक्री वितरण | सम्वन्धित संस्था/निकायको पत्र सहित<br>खरिद ईकाइमा दस्तुर बुझाएको रसिद | विभागीय निर्णय<br>बमोजिम | " | शाखा प्रमुख<br>तथ्याङ्क तथा भु-सूचना शाखा | उ.म.नि.शहरी विकास महाशाखा | शहरी विकास महाशाखा<br>B4 | |
| ३ | दरभाउपत्रको फाराम विक्री | सुचनामा माग भएअनुसार | रु.३००। | - | इकाइ प्रमुख, खरिद इकाई | उ.म.नि.भवन महाशाखा | " | |
| | दरभाउपत्र दाखिला,मुल्याङ्कन, स्वीकृत | दरभाउपत्रमा माग भएअनुसार | - | दरभाउपत्र खोलेको मितिले<br>१५ दिन भित्र | " | " | " | |
| | बोलपत्र फाराम विक्री | सूचनामा उल्लेख भएअनुसार | रु.१००० देखि<br>रु.१००००।सम्म<br>ईस्टिमेटअनुसार | - | " | " | | |
| | बोलपत्र दाखिला, मुल्यांकन, स्विकृत | " | - | कार्य सुरु गरेको १५ दिन भीत्र | " | " | " | |
| ४ | धरौटी फिर्ता गर्ने | मु.अ.कर समायोजन र करचुक्ता<br>प्रमाणपत्र तथा सम्वन्धित महाशाखा<br>अन्तर्गतको शाखाबाट काम समाप्त भएको,<br>त्रुटि सच्याउन पर्ने नपर्ने आदि व्यहोरा<br>सहित सिफारिस साथ निवेदन<br>प्राप्त भएपछि | नलाग्ने | सिफारिस भएको मितिले<br>७ दिन भित्र | प्रमुख लेखा नियन्त्रक<br>आर्थिक प्रशासन शाखा | उ.म.नि.शहरी विकास | विभागीय प्रमुख भवन<br>मेन ब्लक | |
| | भुक्तानि विवरण दिने | निवेदन | नलाग्ने | ७ दिन भित्र | " | " | " | |
| ५ | योजना छनौट, सिफारिस वा जानकारी | सम्वन्धित डि.का वा<br>मन्त्रालयको सिफारिस<br>सहित तोकिए बमोजिमको<br>ढाचाको निवेदन फाराम | नलाग्ने | समय तोक्न नसकिने | शाखा प्रमुख,<br>योजनाशाखा | उ.म.नि.आवास<br>महाशाखा | आवास महाशाखा भवन<br>B2 | |
| ६ | नगरविकास सम्वन्धि कामहरु:<br>नगर विकास समिति गठनका लागि आवश्यक<br>शर्त पुरा भए नभएको जांच गरी पेश गर्ने | चारकिल्ला प्रष्ट भएको टोपो/नापीनक्सा,<br>जनसख्या,जनघनत्व,पूर्वाधार,<br>स्थानिय निकायको सिफारिस | नलाग्ने | १ महिना भित्र | शाखा प्रमुख,<br>भौतिक योजना तथा शहरी विकास शाखा | उ.म.नि.शहरी विकास महाशाखा | शहरी विकास महाशाखा<br>B4 | |
| | नगर योजना स्विकृती वा परिमार्जनका<br>लागि नेपाल सरकारमा सिफारिस गर्ने | नगर विकास समितिको पत्र | नलाग्ने | १५ दिन भित्र | " | " | " | |
| | नगर विकास समितिलाई परामर्श दिने | - | नलाग्ने | ३ दिन भित्र | " | " | " | |
| | भौतिक/आवधिक योजना तयारी गर्ने,<br>आवश्यक श्रोत जुटाउने | सम्वन्धित न.पा.को पत्र | नलाग्ने | ३ दिन भित्र जवाफ दिने | " | " | " | |
| ७ | विभाग सम्वन्धि सूचना प्राप्त गर्ने | निवेदन | नियमानुसार | - | शाखा प्रमुख<br>योजना शाखा,सूचना अधिकारी | उ.म.नि.आवास महाशाखा | आवास महाशाखा भवन<br>B2 | |
| ८ | आवास सम्वन्धि कार्य | | नलाग्ने | ३ दिन भित्र | उ.म.नि.आवास महाशाखा | महानिर्देशक | " | |
| ९ | भवन सम्वन्धि कार्य | | नलाग्ने | | उ.म.नि.भवन महाशाखा | " | B3 | |
| १० | शहरी विकास सम्वन्धि कार्य | | नलाग्ने | " | उ.म.नि.शहरी विकास महाशाखा | " | B1 | |

## शहरी विकास तथा भवन निर्माण विभागको कार्यक्षेत्र सँग सम्बन्धित ऐन, नियमावली तथा निर्देशिकाहरु

### नीतिहरुः

१. राष्ट्रिय शहरी नीति, २०६४
२. राष्ट्रिय आवास नीति, २०६८
३. राष्ट्रिय भूउपयोग नीति

### ऐनहरुः

४. आवासको अधिकार सम्बन्धी ऐन २०७५
५. जग्गा प्राप्ति ऐन, २०३४
६. नगर विकास ऐन, २०४५
७. संयुक्त आवासको स्वामित्व सम्बन्धी ऐन, २०५४
८. भवन ऐन २०५५
९.पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी ऐन, २०६३

### नियमावलीहरुः

१०.संयुक्त आवासको स्वामित्व सम्बन्धी नियमावली, २०६०
११.भवन नियमावली, २०६१
१२.जग्गा विकास चक्रकोष विनियमावली, २०६१

### मापदण्डहरुः

१३. राष्ट्रिय भवन संहिता, २०६० (परिमार्जित खण्ड समेत)
१४. संयुक्त आवास, सामूहिक र योजनाबद्ध आवास सम्बन्धी मापदण्ड
१५. निर्माण आचार संहिता, २०७०
१६. सरकारी पदाधिकारी तथा कर्मचारीहरुको कार्यकक्षको मापदण्ड, २०७०
१७. बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२
१८. नेपाल शहरी सडक मापदण्ड, २०७६

### कार्यविधिहरुः

१९. राष्ट्रिय भवन संहिता कार्यान्वयन कार्यविधि, २०६०
२१. भवनको लागत मूल्यांकन कार्यविधि, २०७०
२२. संयुक्त आवास भवन निर्माण स्वीकृति तथा अनुगमन कार्यविधि, २०७०
२३. शहरी गरिब तथा न्यून आय वर्गका परिवारहरुको लागि व्यवस्थित बसोबास कार्यक्रम सञ्चालन कार्यविधि, २०७०
२४. जनता आवास कार्यक्रम कार्यान्वयन नमूना कार्यविधि, २०७५
२५. विपद् पीडित पुनर्वास सञ्चालन कार्यविधि, २०७१
२६. निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिम कार्य सम्पादन नगरेमा ठेक्का तोडी कालोसूचीमा राख्ने र वैकल्पिक उपायबाट कार्य सम्पन्न गराउने विभागीय कार्यविधि, २०७१
२७. जग्गा एकीकरण आयोजना संचालन कार्यविधि, २०६१ (संशोधन २०७२)
२८. २०७१ सालको बाढी पहिरोबाट क्षतिग्रस्त भएका बाँके, वर्दिया, दाङ्ग, सुर्खेत र सिन्धुपाल्चोक जिल्लामा निजी आवास पुनर्निर्माण अनुदान वितरण सम्बन्धी कार्यविधि, २०७३

२९. जोखिमयुक्त वस्ती स्थानान्तरण तथा एकीकृत वस्ती विकास सम्बन्धी कार्यविधि २०७५
३०. सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि (पहिलो संशोधन सहित)२०७५
३१. सार्वजनिक निर्माणमा कन्टिन्जेन्सी तथा परामर्श सेवामा कार्यालय व्यवस्थापन खर्चलाई व्यवस्थित गर्ने कार्यविधि, २०७७

## निर्देशिकाहरुः

३२. सरकारी भवन मर्मत सम्भार निर्देशिका, २०५८
३३. नगर विकास निर्देशिका, २०६१
३४. निर्माण कार्य व्यवस्थापन दिग्दर्शन, २०६३
३५. भवन मर्मत तथा सम्भार निर्देशिका, २०६४
३६. भवनमा वर्षातको पानी संकलन सम्बन्धी निर्देशिका २०६६
३६. वर्षातको पानी संकलन सहयोगी पुस्तक तथा निर्देशिका, २०६६
३७. शहरी वातावरण व्यवस्थापन निर्देशिका, २०६७
३८. भूकम्प सुरक्षात्मक आवासीय भवन निर्माणको लागि सचित्र निर्देशिका, २०६७ (राष्ट्रिय भवन संहिता २०६० मा आधारित)
३९. भूकम्प प्रतिरोधी भवन निर्माण निर्देशिका, २०६८ (ईंटा वा ढुङ्गाको गारोबाट बन्ने दुई तले तल्ला र बुइगल सम्मका भवनहरुको लागि मात्र)
४०. भूकम्प प्रतिरोधी भवन निर्माण विषयक कालिगढ तालिम निर्देशिका, २०६८ (नेपाली/अंग्रेजी Version)
४१. निर्माण कार्य व्यवस्थापन निर्देशिका, २०६८
४२. अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका, २०६९
४३. सार्वजनिक भवनहरुमा प्रयोग हुने रङ्ग सम्बन्धी निर्देशिका, २०६९

## अन्य

४४. राष्ट्रिय आवास योजना, २०७१
४५. व्यावसायिक योजना, २०७१ (अंग्रेजी र नेपाली दुवैमा)
४६. डिजाइन सूचीः भूकम्प प्रतिरोधी आवास पुनःनिर्माण भाग १, २०७२ र भाग २, २०७६
४७. जग्गा एकीकरण (के, किन, कहाँ र कसरी) ?
४८. शहरी डकर्मीहरुका लागि नेपाली भूकम्प प्रतिरोधी भवन निर्माण प्रविधि तालिम पाठ्यक्रम, २०७३
४९.. ग्रामीण डकर्मीहरुका लागि नेपाली भूकम्प प्रतिरोधी भवन निर्माण प्रविधि तालिम पाठ्यक्रम, २०७३

## अंग्रेजीमा

५०. Seismic vulnerability evaluation on guideline for private & public buildings, 2011
५१. Recovery principles & guidelines, 2011
५२. Engineer's training on earthquake resistant design of building volume II: computer aided design, 2011
५३. Engineer's training on earthquake resistant design of building volume I: seismicity and design aspects, 2011
५४. Documentation of indigenous knowledge and technologies for safer buildings, 2011
५५. Guideline for mason training on earthquake resistant construction of buildings, 2011
५६. Specification of building construction (Civil) works, 2069, 2071 (Second Edition)
५७. Design catalogue for reconstruction of earthquake resistant houses vol. I, 2015 (2072)
५८. Planning Norms & standard, 2015
५९. Design catalogue for reconstruction of earthquake resistant houses vol. II, 2073
६०. Design catalogue for reconstruction of earthquake resistant houses (Nepali version)
६१. Seismic retrofitting guidelines of buildings in Nepal (RCC), 2016
६२. Seismic retrofitting guidelines of buildings in Nepal (Masonry), 2016
६३. Seismic retrofitting guidelines of buildings in Nepal (ADOBE), 2016
६४. Training Manual on Nepal National Building code (NNBC)

## विभाग अन्तर्गतका संघीय आयोजना कार्यान्वयन इकाई र सघन शहरी तथा भवन निर्माण आयोजनाहरु र यसका कार्यक्षेत्र (आ.व ८०/८१)

| सि.नं. | FPIU/PUDBC को नाम | कार्यक्षेत्र- जिल्ला |
|---|---|---|
| १ | संघीय आयोजना कार्यान्वयन इकाई, मोरङ्ग | मोरङ्ग, सुनसरी |
| २ | सघन शहरी तथा भवन निर्माण आयोजना, झापा | झापा, इलाम, पाँचथर, ताप्लेजङ्ग |
| ३ | सघन शहरी तथा भवन निर्माण आयोजना, धनकुटा | धनुकटा, तेह्रथुम, संखुवासभा, भोजपुर |
| ४ | सघन शहरी तथा भवन निर्माण आयोजना, ओखलढुंगा | ओखलढुङ्गा, सोलुखुम्बु, खोटाङ्ग |
| ५ | सघन शहरी तथा भवन निर्माण आयोजना, सप्तरी | सप्तरी, सिरहा, उदयपुर |
| ६ | संघीय आयोजना कार्यान्वयन इकाई, धनुषा | धनुषा, महोत्तरी, सर्लाही |
| ७ | सघन शहरी तथा भवन निर्माण आयोजना, पर्सा | पर्सा, रौतहट र बारा |
| ८ | सघन शहरी तथा भवन निर्माण आयोजना, रामेछाप | सिन्धुपाल्चोक, रामेछाप, सिन्धुली, दोलखा |
| ९ | सघन शहरी तथा भवन निर्माण आयोजना, काठमाण्डौ | काठमाण्डौ, ललितपुर, भक्तपुर र काभ्रे |
| १० | सघन शहरी तथा भवन निर्माण आयोजना, धादिङ्ग | नुवाकोट, रसुवा, धादिङ्ग |
| ११ | सघन शहरी तथा भवन निर्माण आयोजना, चितवन | मकवानपुर, चितवन, नवलपरासी र नवलपुर |
| १२ | संघीय आयोजना कार्यान्वयन इकाई, कास्की | कास्की , स्याङ्जा, गोरखा, तनहुँ, लम्जुङ, मनाङ |
| १३ | सघन शहरी तथा भवन निर्माण आयोजना, ओखलढुंगा | वाग्लुङ, म्याग्दी, मुस्ताङ पर्वत |
| १४ | संघीय आयोजना कार्यान्वयन इकाई, रुपन्देही | रुपन्देही अर्घाखाँची कपिलवस्तु, पाल्पा, गुल्मी |
| १५ | सघन शहरी तथा भवन निर्माण आयोजना, दाङ्ग | दाङ्ग, प्यूठान, रोल्पा, रुकमु पूर्व |
| १६ | संघीय आयोजना कार्यान्वयन इकाई, बाँके | बर्दिया, बाँके, |
| १७ | संघीय आयोजना कार्यान्वयन इकाई, सुर्खेत | सुर्खेत, दैलेख, सल्यान, जाजरकोट, रुकुम पश्चिम |
| १८ | सघन शहरी तथा भवन निर्माण आयोजना, जुम्ला | जुम्ला, कालिकोट, मुगु, हुम्ला र डोल्पा |
| १९ | संघीय आयोजना कार्यान्वयन इकाई, कैलाली | कैलाली, कञ्चनपुर, डडेल्धुरा |
| २० | सघन शहरी तथा भवन निर्माण आयोजना, डोटी | डोटी, अछाम, बाजुरा, बैतडी, दार्चुला, बझाङ्ग |

**विभाग अन्तर्गतका कार्यालय/आयोजनाहरु/संघीय आयोजना कार्यान्वयन इकाई/ सघन शहरी तथा भवन निर्माण आयोजना**

**<u>आयोजनाहरु</u>**

- विशेष भवन निर्माण आयोजना समन्वय कार्यालय, बबरमहल ।
- नयाँ शहर आयोजना, बबरमहल, काठमाडौं ।
- क्षेत्रीय शहरी विकास आयोजना, बबरमहल, काठमाडौं।
- नेपाल शहरी शासकीय क्षमता तथा पूर्वाधार आयोजना, बबरमहल, काठमाडौं ।
- बन्चरे डाँडा स्यानीटरी ल्याण्डफिल साइट निर्माण आयोजना, बबरमहल, काठमाडौं ।
- वुटवल सभाहल तथा प्रदर्शनी केन्द्र निर्माण कार्यान्वयन इकाई, वुटवल।
- केन्द्रीय आयोजना कार्यन्वयन ईकाई (भवन तथा आवास)
- शहरी उत्थानशिलता तथा जीवनयापन सुधार आयोजना
- शहरी करिडोर आयोजना

# आ.व. २०८०/८१ को खर्चको विवरण

रकम : रु लाखमा

| क्र.सं. | बजेट उपशीर्षक | कार्यक्रम | आ.व. २०८०/८१ को बजेट | आ.व. २०८०/८१ को खर्च | खर्च % |
|---|---|---|---|---|---|
| | | | पुँजिगत | पुँजिगत | |
| १ | ३४७०१०११ | शहरी विकास तथा भवन निर्माण बिभाग | ५७२९५.१२ | ३१२८६.२४ | ५४.६१% |
| २ | ३४७०१०१३ | संघिय सहरी विकास आयोजना कार्यान्वयन कार्यालयहरु | १७४९.८५ | १७०५.८९ | ९७.४९% |
| ३ | ३४७०११०१ | आवास व्यवस्था कार्यक्रम | २८१५.६३ | १७४३.४१ | ६१.९२% |
| ४ | ३४७०११०२ | एकीकृत कार्यमूलक योजना (शहरी विकास) | १५१४. | ७७१.२३ | ५०.९४% |
| ५ | ३४७०११०३ | सघन शहरी विकास कार्यक्रम | ९१७१५.३२ | ७५७१५.८ | ८२.५६% |
| ६ | ३४७०११०५ | भवन निर्माण संहिता, सरकारी भवन निर्माण | १७०५५.८६ | १२७७८.९१ | ७४.९२% |
| ७ | ३४७०११०७ | नेपाल - भारत सीमा एकीकृत जाँच चौकी विकास आयोजना | ३२५.५ | ३१०.०६ | ९५.२६% |
| ८ | ३४७०११०८ | शहरी शासकीय क्षमता विकास कार्यक्रम | ३०१५. | ७१६.११ | २३.७५% |
| ९ | ३४७०१११० | नयाँ सहर आयोजना | १७२७८.३४ | १२५४३.९७ | ७२.६०% |
| १० | ३४७०११११ | क्षेत्रीय शहरी विकास कार्यक्रम | २०३५९. | १३७०९.५३ | ६७.३४% |
| ११ | ३४७०१११४ | बस्ती विकास कार्यक्रम | २८४३६.२८ | २३७५१.७१ | ८३.५३% |
| १२ | ३४७०१११७ | विशेष भवन निर्माण आयोजना | २२०३२. | १५४१५.१ | ६९.९७% |
| १३ | ३४७०१११८ | शहरी कोरिडोर आयोजना | ३८३. | १३२.९६ | ३४.७२% |
| १४ | ३४७०१११९ | शहरी विकास आयोजना | ६१३. | १५.६७ | २.५६% |
| | | **जम्मा** | २६४५८७.९ | १९०५९६.५९ | ७२.०४% |

शहरी विकास तथा भवन निर्माण विभागबाट आ.व. २०८०।०८१ मा सम्पन्न भएका ब.उ.शि.नं अनुसार प्रमुख कार्यहरु (पुँजीगत तर्फ)

## १. ब.उ.शि.नं. ३४७०१०११ शहरी विकास तथा भवन निर्माण बिभाग

यस बजेट उप-शिर्षकमा विभाग मातहतको चालू कार्यक्रमहरु पर्दछन् भने सम्वत् २०७२ साल बैशाख १२ गतेको भूकम्प र त्यसपछिका लगातार पराकम्पनहरुका कारण क्षतिग्रस्त भएका संरचनाहरुको पुनर्निर्माण तथा विस्थापित भएका व्यक्ति एवं परिवारहरुको पुनर्स्थापनाका निम्ति स्थापित राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको निर्देशक समितिको मिति २०७८ भाद्र ९ गतेका दिन सम्माननीय प्रधानमन्त्री श्री शेर बहादुर देउवाज्यूको अध्यक्षतामा बसेको २० औं बैठकको निर्णयानुसार राष्ट्रिय पुनर्निर्माण प्राधिकरणद्वारा पुनर्निर्माण गर्न बाँकी रहेका निजी आवास तथा बस्ती विकास तर्फको वित्तीय एवं प्राविधिक व्यवस्थापन सहितका पुनर्निर्माण सम्बन्धी बाँकी कार्यहरु र सरकारी एवं सार्वजनिक भवन, स्वास्थ्य संस्था र हाल केन्द्रिय आयोजना कार्यान्वयन इकाई (भवन) मार्फत सञ्चालित सम्पदा तथा गुम्बाहरुको पुननिर्माण सम्बन्धी कार्यहरु एवं उक्त कार्यहरुसँग सम्बन्धित केन्द्रीय तथा जिल्ला तहमा रहेका सम्पत्ति, दायित्व, श्रेस्ता कागजात एवं कार्यालय समेत शहरी विकास मन्त्रालय अन्तर्गतको शहरी विकास तथा भवन निर्माण विभाग र सो अन्तर्गतका तोकिएका जिल्ला स्थित कार्यालयहरुमा हस्तान्तरण भई सो बमोजिमका कार्यहरु केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन तथा आवास) मार्फत संचालन भैरहेका छन् ।

केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन तथा आवास) को कार्य क्षेत्र

१. नीजि आवास पुनर्निर्माण
२. सरकारी/स्वास्थ्य भवन पुनर्निर्माण
३. एकीकृत वस्ती विकास
४. राणाकालिन दरवार र भारतिय अनुदानतर्फका सम्पदा संरक्षण तथा जिर्णोद्धार

**निजि आवास पुन-निर्माणको कार्यको आव. ८०/८१ सम्मको प्रगति :**

| अनुदान विवरण | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सि | विवरण | २०७८ आसार मसान्त सम्मको | | २०७९ आसार मसान्त सम्मको | | २०८० आसार मसान्त सम्मको | | २०८१ आसार मसान्त सम्मको | |
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | जम्मा लाभग्राही | ८६६२०७ | | ८३२५८५ | | ८३५१८५ | १०० | ८३५१८५ | १०० |
| २ | अनुदान सम्झौता | ८२९६६७ | ९५.७८ | ८३२५८५ | १०० | ८३४८२१ | ९९.९ | ८३४८२१ | ९९.९ |
| ३ | प्रथम किस्ता भुक्तानी | ८२८७६३ | ९९.८९ | ८३२४७० | ९९.९ | ८३४०२४ | ९९.९ | ८३४२६० | ९९.९ |
| ४ | दोस्रो किस्ता भुक्तानी | ७५०४५९ | ९०.४५ | ७६५८६१ | ९१.९ | ७६८७५९ | ९२.० | ७७०७०८ | ९२.४ |

| अनुदान विवरण | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सि | विवरण | २०७८ आसार मसान्त सम्मको | | २०७९ आसार मसान्त सम्मको | | २०८० आसार मसान्त सम्मको | | २०८१ आसार मसान्त सम्मको | |
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ५ | तेस्रो किस्ता भुक्तानी | ७०३३०७ | ८४.७७ | ७३३२१४ | ८८.० | ७३६७४५ | ८८.२ | ७४२८९५ | ८९.० |
| ६ | प्रवलिकरण तर्फ सम्पन्न | | | | | २३५६ | | ३०९२ | |
| ७ | पुर्न निर्माण सम्पन्न | ७५८७९३ | ९१.४६ | | | ७३९१०१ | ८८.६ | ७४५९८७ | ८९.४ |

**सम्पदा संरक्षण तथा प्रवालिकरण कार्यको आ.व ८०/८१ सम्मको प्रगति :**

| क्र.स. | कार्यक्रमको नाम | वित्तिय प्रगति | ८०/८१ सम्मको अवस्था |
|---|---|---|---|
| १ | धरहरा पुनर्निर्माण | ८२.२५% | निर्माणाधिन |
| २ | बबरमहल भवन प्रवलिकरण, | ९९.९% | निर्माण सम्पन्न |
| ३ | सिंहदबार पश्चिम लङ्ग प्रवलिकरण | ९४% | निर्माण सम्पन्न |
| ४ | केशरमहल भवन प्रवलिकरण | ९६% | निर्माण सम्पन्न |
| ५ | बालमन्दिर भवन प्रवलिकरण | ६०% | निर्माणाधिन |
| ६ | राष्ट्रपति कार्यालय भवन Restoration तथा Interior कार्य (दक्षिण-पश्चिम भाग) | ४४% | निर्माणाधिन |
| ८ | त्रिचन्द्र कलेज भवन प्रवलिकरण | ३९% | निर्माणाधिन |
| ९ | भारतीय अनुदानमा संचालित सम्पदाहरु जिर्णोद्वार | ६५% | निर्माण सम्पन्न |

केन्द्रिय आयोजना कार्यान्वयन ईकाई (भवन तथा आवास) अन्तर्गतका मुख्य मुख्य आयोजनाहरुको हाल सम्मको समस्टिगत भौतिक प्रगति

| क्र.स. | कार्यक्रमहरु | ८०/८१ सम्मको भौतिक प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ | निजी आवास पुनर्निर्माण | ८९.४२% | |
| २ | स्वास्थ्य संस्था पुनर्निर्माण | ८०% | ११३६ वटा मध्ये ९५६ वटा आ.व. २०८०/८१ सम्ममा सम्पन्न भएका |

| क्र.स. | कार्यक्रमहरु | ८०/८१ सम्मको भौतिक प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|
| ३ | भारतीय अनुदानमा संचालित सम्पदा संरक्षण तथा जिर्णोद्वार | ८५% | २६ वटा मध्ये हालसम्म १४ वटा योजना सम्पन्न भएको |
| ४ | एकीकृत वस्ती तथा पुर्वाधार विकास कार्यक्रम | ८०% | कुल ८४ मध्ये ७५ वटा सम्पन्न भएको ९ वटा निर्माणाधिन |

आ.व. २०८०/८१ मा स्वास्थ्य संस्थाका भवन तर्फ भारतीय सरकार तर्फ ३९ वटा, साउदी कोष तर्फको ३ वटा र नेपाल सरकार तर्फको ३५ वटा भवनहरु सम्पन्न गरी थप ९१ वटा स्वास्थ्य संस्थाका भवन निर्माण सम्पन्न भएको।

**जाजरकोट भूकम्पमा परि मर्मत तथा पुनर्निर्माण गर्नुपर्ने भवनहरुको संख्याः**

| भवन | संख्या |
|---|---|
| सरकारी भवन मर्मत | १२ |
| सरकारी भवन पुनर्निर्माण | २४ |
| स्वास्थ्य संस्था भवन पुनर्निर्माण | १४ |
| जम्मा भवन संख्या | ५० |



*चित्र 1: काठमाडौं जिल्ला थापाथलीमा निर्मित राष्ट्र बैंकको केन्द्रीय कार्यालय भवन*



*चित्र २: काठमाडौँ जिल्ला, काठमाडौँ म.न.पा स्थित धरहरा*



*चित्र ३: काठमाडौँ जिल्ला, काठमाडौँ म.न.पा स्थित घन्टाघर को निर्माणाधीन प्रवालिकरण कार्य*



*चित्र ४: प्रवालिकरण पश्चात सिंहदरबार को पश्चिम लौन्ज*




*चित्र ५: प्रवालिकरण पश्चात सिंहदरबार को स्टेट हल*

### २. ब.उ.शि.नं. ३४७०१०१३ संघिय सहरी विकास आयोजना कार्यान्वयन कार्यालयहरु

सरकारी भवनहरू समयमै मर्मत सम्भार तथा प्रबलीकरण हुन नसक्दा ती भवनहरू जीर्ण भई लक्षित आयु भन्दा अगाडिनै भत्काई नयाँ बनाउनु पर्दा अनावश्यक भार पर्न गई नियमित रुपमा मर्मत कार्य हुन अत्यन्त जरुरि रहन्छ । फलस्वरूप यस बजेट उप-शिर्षक अन्तर्गत विनियोजित बजेट बाट नेपालमा भएका संघीय सरकारी कार्यालयहरुको

नियमित रुपमा मर्मत कार्य भैरहेको छ। यसरि मर्मत सम्भार भएका सरकारी कार्यालयको संख्या तपसिल बमोजिम रहेको छ ।

| सि.नं | आ.व ७९/८० | आ.व. ८०/८१ |
|---|---|---|
| १ | १०२ | २५८ |

### ३. ब.उ.शि.नं. ३४७०११०१ आवास व्यवस्था कार्यक्रम

यस ब.उ.शि. अन्तर्गत आवास तथा भवन क्षेत्रको विकास विस्तार र सम्बर्धनकोलागि उपयुक्त नीति, रणनीति तथा कार्यनीति तर्जूमा गर्ने तथा तिनको कार्यान्वयन पक्षको निरन्तर सुपरिवेक्षण र अनुगमन गर्ने कार्यहरु संचालन हुन्छन ।यस बजेट उप शिर्षक अन्तर्गत बिनियोजित बजेट मार्फत गरिवीको रेखामुनी रहेका; प्रकोपको कारण घरबार विहिन भएका; घर परिवारहरुले सुरक्षित आफैले गर्न चाहेमा जस्तापाता र सहुलियत दरको काठ लगायतका साम्रगी खरिदको लागि कार्यक्रम संचालन हुन्छन। यस अन्तर्गत गरिवीको रेखामुनी रहेका पराल वा खरको छाना मुनी भएका घर परिवारलाई जस्तापाताको छानामुनी ल्याउन अनुदान दिने (स्थानीयतहलाई वित्तिय हस्तान्तरण गरिएको सुरक्षित नागरिक आवास कार्यक्रम) संचालन भैरहेको छ ।

नेपाल भौगोलिक अवस्थिति र हावापानीका कारण विश्वमा सबैभन्दा बढी प्रकोपको जोखिममा पर्ने देशहरूमध्ये एक हो। भूकम्प, पहिरो, बाढी, आगलागी, चटयाङ, आदी विपद्का घटनाहरूका प्रमुख कारण हुन् जसले विगतमा ठूलो क्षति पुर्याएका छन्, भने यी विपदका कारण देशको कमजोर परिस्थिति प्रणालीलाई झन् कमजोर बनेको छ ।यी घटनाहरूले जीवन र सम्पत्तिको हानि मात्र नभई भौतिक पूर्वाधारमा गम्भीर खतरा निम्त्याउने र आर्थिक विकासलाई पनि बाधा पुऱ्याउने गरेको हुन्छ ।विपदको झटकालाई राहत दिने उद्देश्यले यस उप-शिर्षक अन्तर्गत विभिन्न विपद केन्द्रित ठाउँहरुमा इमर्जेन्सी सेल्टर निर्माण भैरहेका छन्।

नेपाल सरकारले आ.व. २०७५/७६ को वजेट वक्तव्य मार्फत गरिवीको रेखामूनि रहेका घर परिवारहरुले पराल वा खरको छाना भएका घरहरुलाई आफैले सुरक्षित बनाउन प्रति परिवार जस्तापाता, सहुलियत दरका काठ लगायतका सामाग्री खरिदका लागि रु. ५० हजार अनुदान दिने गरी कार्यक्रम ल्याईएको छ ।सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन गर्ने उद्देश्यले सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५ नेपाल सरकार मन्त्रि परिषद् मिति २०७७/०१/०७ को निर्णयले स्विकृति गरी कार्यान्वयनमा आएको छ।नेपाल सरकारले आर्थिक वर्ष २०७८/०७९ को वजेट वक्तव्य मार्फत अनुदान रकममा बृद्धि गरी प्रति घर रु. ७५ हजार अनुदान दिने गरी कार्यक्रम ल्याएको छ ।सुरूमा ३६ जिल्ला अन्तर्गतका ६० निर्वाचन क्षेत्र, स्थानीय तहबाट शुरु भएको कार्यक्रम आ.व. २०८०/०८१ सम्म कूल ७४ जिल्ला अन्तर्गतका १५० निर्वाचन क्षेत्र, ७३२ स्थानीय तहका २,१४,२३० आवास संख्या स्वीकृत भएको पाइन्छ।

जनता आवास कार्यक्रम मार्फत नेपाल सरकारले आ.व. २०६६/०६७ को वजेट वक्तव्य मार्फत सुरुमा सिरहा, सप्तरी र कपिलबस्तुमा पिछडिएका वर्गहरुको लागि लक्षित गरी एक एक हजार गरी ३००० न्यून लागतमा आवास निर्माण गरी बसोबास व्यबस्था गरेको र उक्त कार्यक्रम कार्यान्वयन गर्ने उद्देश्यले जनता आवास कार्यक्रम कार्यविधि, २०६६, मिति २०६६।११।०५ मा नेपाल सरकार मन्त्रिपरिषद्बाट स्विकृत गरी कार्यान्वयनमा ल्याएको छ ।

आर्थिक वर्ष ७४/७५ सम्म संघिय सरकारले कार्यन्वयन गरिरहेको उक्त कार्यक्रम त्यसपछि प्रदेश सरकारमा वित्तीय हस्तान्तरण भइ कार्य भईरहेको छ ।

यस बजेट उप-शीर्षक अन्तर्गत भएका मुख्य मुख्य कार्यहरु निम्नानुसार रहेका छन् ।

<u>सुरक्षित नागरीक आवास कार्यक्रम</u>

- स्वीकृत आवास संख्या २ लाख १४ हजार २३०
- १ लाख ४२ हजार ६४ लाभग्राहीसंग सम्झौता भएको
- हालसम्म ८३ हजार ५ सय २० लाभग्राहीको आवासलाइ जस्तापाताको छानाले प्रतिस्थापन गरिएको
- आ.व ८०/८१ मात्र ३१५२० लाभग्राहीको आवासलाइ जस्तापाताको छानाले प्रतिस्थापन गरिएको

<u>इमर्जेन्सी सेल्टर</u>

- आ.व. २०८०/८१ मा ४ वटा इमरजेन्सी सेल्टर तपसिलका स्थानमा निर्माण भई सम्पन्न भएका छन् ।

१. बाँके - डुडवा गाँउपालिका

२. ससरी - तिलाठी कोइलाडी गाँउपालिका

३. सर्लाही - ईश्वरपुर नगरपालिका

४. दोलखा - कालिञ्चोक गाउँपालिका






*चित्र ६: बाँके, डुडुवा (बायाँ) तथा दोलखामा (दायाँ) निर्मित इमर्जेन्सी सेल्टर*



*चित्र ७: रसुवाको जिल्ला - तिरु एकीकृत वस्ती विकास*

### ४. ब.उ.शि.नं. ३४७०११०२ एकीकृत कार्यमूलक योजना (शहरी बिकास)

यस अन्तर्गत शहरी विकास, आवास तथा वस्ती विकास र भवन निर्माण क्षेत्र अन्तर्गतका योजनाहरुको विस्तृत योजना प्रतिवेदन, सम्भाव्यता अध्ययन, गुरुयोजना, नगरपालिकाहरुको एकीकृत शहरी विकास योजना, भौतिक विकास योजना, कार्यविधि, मापदण्ड तर्जुमा सम्बन्धी कार्यहरुको लागि अध्ययन परामर्श कार्यहरु भैरहेका छन ।

### ५. ब.उ.शि.नं. ३४७०११०३ सघन शहरी विकास कार्यक्रम

विगतमा आवधिक योजना तर्जुमा गरेका नगरपालिकाहरूको आवधिक योजनाले पहिचान गरेका शहरी पूर्वाधारहरु निर्माण गर्नका लागि सघन शहरी विकास कार्यक्रम संचालनमा आएको थियो। आ.व. २०७३/०७४ देखि भारतको सिमानासँग जोडिएका तराई क्षेत्रका २० वटा नगरपालिका (भद्रपुर, विराटनगर, इनरवा, राजविराज, सिराहा, जनकपुर, जलेश्वर, मलंगवा, गौर, कलैया, विरगंज, रामग्राम, सिद्धार्थनगर, कपिलवस्तु, नेपालगंज, गुलेरिया, धनगढी, भिमदत्त, घोराही र भरतपुर) मा सडक, नाला, बसपार्क, हाटबजार, पार्क निर्माण जस्ता शहरी पूर्वाधार निर्माण कार्य शुरू भएकोमा हाल अन्तिम चरणमा रहेको छ। संघीयता कार्यान्वयनसँगै देशमा तीन तहको सरकारबाट संविधान अनुकूल आ-आफ्नो दायित्व वहन गर्ने क्रममा हाल २९३ नगरपालिका स्थापना भएको परिवेशमा शहरी क्षेत्रको व्यवस्थापनको चुनौती स्थानीय तहलाई मात्र नभई संघीय तहमा समेत देखा परेको छ । यसका लागि स्थानीय तहबाट शहरी पूर्वाधार निर्माण हुँदै आएको भएपनि न्यून बजेटका कारण तीव्र शहरीकरणले उब्जाएको समस्यालाई सम्बोधन गर्न नसकेर संघीय तहबाट समेत यस कार्यक्रम मार्फत लगानी गर्न विभिन्न नगरपालिकाहरूको अपेक्षा रहने गरेको छ। वर्षेनी बजेट तर्जुमाको क्रममा सघन शहरी विकास कार्यक्रम अन्तर्गत आफ्नो नगरपालिका समावेश गर्न विभिन्न तहका जनप्रतिनिधिबाट यसका लागि विभिन्न स्तरबाट पहल भइरहेको हुन्छ । तसर्थ, स-साना टुक्रे कार्यक्रमको रूपमा यसलाई सञ्चालन गर्नु भन्दा सघन रूपमा नै चरणबद्ध रूपमा सबै नगरपालिकामा सघन शहरी विकास कार्यक्रमलाई

विस्तार गर्दै लैजाने गरि बजेट विनियोजन भइ कार्यहरु भईरहेका छन् । यस उप-शीर्षक अन्तर्गत मिति २०७५/०८/१७ को मन्त्रिपरिषद्को निर्णयबाट बन्चरेडाँडा स्यानिटरी ल्याण्डफिल लगायत फोहोरमैला व्यवस्थापन सम्बन्धी आवश्यक पूर्वाधारहरूको निर्माण कार्य नेपाल सरकारको स्रोत परिचालन गरी सम्बन्धित सरोकारवालाहरू सँगको समन्वयमा भैरहेका छन् ।

यस बजेट उप-शीर्षक अन्तर्गत भएका मुख्य मुख्य कार्यहरु निम्नानुसार रहेका छन् ।

- भारतीय सिमानासँग जोडिएका तराई मधेशका जिल्ला सदरमुकाम रहेका २० वटा नगरपालिकाहरु र अन्य नगरपालिकाहरु सघन रुपमा शहरी विकासका लागि सडक, नाला, वसपार्क लगायतका शहरी पूर्वाधार विकास गर्न विभिन्न योजनाहरु सञ्चालन भएको ।
- आ.व. ०७९/०८० मा श्रोत सुनिश्चितता प्राप्त थप ५१ वटा नगरपालिकाहरूमा सडक नाला, बसपार्क, सार्वजनिक पार्क र बजार केन्द्र निर्माण कार्यको एकीकृत शहरी पुर्वाधार विकास कार्यक्रमहरु कार्यान्वयन भैरहेको ।

आ.व. ०८०/०८१ मा श्रोत सुनिश्चितता प्राप्त थप ३३ वटा नगरपालिकाहरूमा सडक नाला, बसपार्क, सार्वजनिक पार्क र बजार केन्द्र निर्माण कार्यको एकीकृत शहरी पुर्वाधार विकास कार्यक्रमहरु कार्यान्वयन भैरहेको ।

| सघन शहरी विकास कार्यक्रम अन्तर्गत | | | | |
|---|---|---|---|---|
| | (आ.व.२०७८-०७९ सम्म) | (आ.व.२०७९-०८०) | (आ.व.२०८०-०८१) | हाल सम्म जम्मा |
| कालोपत्रे सडक/नाला (कि.मि.) | ११८४.३५६ | १३५.६४१ | १५३.९१ | १४७३.९०७ |
| बसपार्क (वटा) | १७ | २ | १० | २९ |
| हाटबजार (वटा) | ९ | १ | १० | २० |
| पार्क /पोखरी संरक्षण (वटा) | ५ | ९ | १९ | ३३ |



*चित्र ८: संखुवासभाको चिनिया नाका नजिकको किमाथांकामा निर्मित पदमार्ग (बायाँ), निर्माण सम्पन्न बराहक्षेत्र ७, बसन्तऋतु सडक, सुनसरी (दायाँ माथि), चितवन प्याकेज -२ अन्तर्गत को निर्मित सडक (दायाँ तल)*

## ६. ब.उ.शि.नं. ३४७०११०५ भवन निर्माण संहिता, सरकारी भवन निर्माण


यस उप-शिर्षक अन्तर्गत शहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गतका विभिन्न सघन शहरी तथा भवन निर्माण आयोजना तथा आयोजना कार्यान्वयन इकाई कार्यालयहरू मार्फत् सरकारी भवनहरू, एकिकृत सरकारी भवन, सभाहल तथा भ्यु-टावर लगायतका संरचनाहरूको निर्माण, मर्मत/सुधारका कार्यहरू साथसाथै राष्ट्रिय भवन संहिता को समसामयिक परिमार्जन तथा  कार्यान्वयन गरी भुकम्पीय जोखीम न्यूनीकरण का लागि कार्यहरु समेत भईरहेका छन्।

यस बजेट उप-शीर्षक अन्तर्गत भएका मुख्य मुख्य कार्यहरु तथा भौतिक प्रगति निम्नानुसार रहेका छन् ।

- राष्ट्रिय भवन संहिता NBC २०५, NBC २०६ परिमार्जन सम्पन्न भई स्वीकृत भएको ।
- आ.व. ८०/८१ को अन्त्य सम्ममा १८ वटा सभाहल सम्पन्न भएको मा आ.व. ८०/८१ मा मात्र ४ वटा सभाहल सम्पन्न भएका छन् भने १४ वटा निर्माणाधीन अवस्थामा छन् ।
    - आ.व. ०८०/८१ मा सम्पन्न भएका ३ वटा सभाहलहरु :
        - सौराहा सभाहल-चितवन
        - दमौली-तनहुँ
        - महेन्द्र नारायण निधि-धनुषा
- बुटवल प्रदर्शनी केन्द्र निर्माण कार्यको ८५% निर्माण कार्य सम्पन्न भएको ।
- दमक भ्यू टावरको निर्माण कार्य सम्पन्न, हस्तान्तरण बाँकी ।
- आ.व ८०/८१ मा भएका अन्य कार्य हरु ।

- शहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गत ५ वटा कार्यालय भवन तथा १२ वटा एनेक्स ब्लक को निर्माण कार्य भैरहेकोमा २ वटा कार्यालय भवन र २ वटा एनेक्स ब्लक सम्पन्न भएका छन् ।
- जिल्ला प्रशासन कार्यालय तर्फ ४ वटा कार्यालय भवन तथा अन्य निकायमा ७ वटा कार्यालय भवनहरुको निर्माण कार्य भैरहेकोमा अन्य निकाय तर्फ १ वटा कार्यालय भवनको निर्माण सम्पन्न भएको छ ।
- नवलपुर नमुना सदरमुकाम सरकारी भवन निर्माण तर्फ ३ वटा भवन निर्माण कार्यको सम्झौता भइ कार्य सुरु भएको छ ।





*चित्र ९: झापा जिल्ला, दमक न.पामा निर्मित दमक भ्यु टावर तथा व्यापारिक कम्प्लेक्स*



*चित्र १०: झापा जिल्ला दमक न.पा मा निर्मित दमक सभाहल*






*चित्र ११: धनुषाको जनकपुर उ.मा.न.पा मा निर्मित धर्मशाला (बायाँ) तथा सर्लाहीको हरिपुर न.पा मा निर्मित व्यापारिक भवन*



*चित्र १२: कैलाली जिल्लाको धनगढी उ.मा.न.पा मा निर्मित धनगढी सभालाह*



*चित्र १३: रुपन्देही जिल्ला, बुटवल उ.मा.न.पा मा निर्मित अन्तराष्ट्रिय स्तरको प्रदर्शनि हल*

### ७. ब.उ.शि.नं. ३४७०११०७ नेपाल-भारत सिमा एकीकृत जांच चौकी बिकास आयोजना

नेपाल-भारत सीमा व्यवस्थापनको समग्र रणनीतिक रुपमा योजना बनाई दुई देशको सीमावर्ती क्षेत्रको पुर्वाधारको एकीकृत विकासको लागि दुवै छेउमा अवस्थित चार वटा एकीकृत चेकपोस्ट निर्माण गर्ने यस बजेट-उपशिर्षक को उद्धेश्य रहेको छ।आ.व ८०/८१ सम्ममा चारवटामध्ये ३ वटा चेकपोस्ट को निर्माण कार्य सम्पन्न भैसकेकोमा रुपन्देही को चेकपोस्ट निर्माणाधीन रहेको छ।

### ८. ब.उ.शि.नं. ३४७०११०८ नेपाल शहरी शासकीय पूर्वाधार विकास आयोजना

नेपाल शहरी शासकीय क्षमता तथा पूर्वाधार विकास कार्यक्रम विश्व बैंकको ऋण सहयोगमा संचालन भैरहेको र यस आयोजनाको अवधि १५ जुलाई २०२५ सम्म रहेको छ।यस आयोजनाको कुल बजेट अमेरिकी डलर १५०

मिलियन रहेको छ भने यस अन्तर्गत विशेषत ३३ वटा नगरपालिकाहरूमा काम भैरहेको छ । ३३ मध्ये १७ वटा नगरपालिकामा निर्माणको कार्य, १७ +४ मा क्षमता अभिवृद्धि र १२ बटामा श्रममूलक रोजगार कार्यक्रम संचालन भैरहेका छन् ।

यस आयोजना अन्तर्गट ५ वटा कम्पोनेन्ट तपसिल बमोजिम रहेका छन् ।

- Component 1: Urban Development Grants (UDGs)
  - (US$100 million) - in 17 municipalities
- Component 2: Institutional Strengthening Support
  - US$7 million) - in 21 municipalities, including Component 1 municipalities
- Component 3: Labour Intensive Public Works
  - (US$35 million) - in 12 municipalities
- Component 4: Contingent Emergency Response
  - (US$0)
- Component 5: Project Management and Coordination
  - (US$8 million)

यस आयोजना अन्तर्गत Component-1 (US$ 100 million) मा १७ वटा नगरपालिकाहरुमा Urban Development Grant अन्तर्गत Strategic Municipal Infrastructure Development को कार्य हुनेछ, Component -2 (US$ 7 million) मा २१ वटा नगरपालिकाहरुमा Institutional Strengthening अन्तर्गत नगरपालिकाहरुको Capacity Enhancement को कार्य हुँदैछ, Component-3 (US$ 35 million) मा १२ वटा नगरपालिकाहरुमा Labor Intensive Public Work (LIPW) अन्तर्गत नगरपालिकाहरुमा श्रममूलक कार्य हुँदैछ, Component-4 (US$ 0 million) मा Contingent Emergence Response को कार्य हुनेछ र Component -5 (US$ 8 million) मा Project Management and Coordination अन्तर्गत Project Coordination Office (PCO) लाई Support गर्नको लागि PCO मा Project Management Support Team (PMST ) को व्यवस्था भएको छ ।यस आयोजना सञ्चालनको लागि Systematic Tracking of Exchange of Procurement (STEP) मा राखिएको Procurement Plan अनुसार Component 2 को US$ 7 million मध्येबाट Urban Development Support Team (UDST) को लागि US$ 2.22 million छुट्याइएको छ भने बाँकी रकम ती २१ वटा नगरपालिकाको क्षमता अभिवृद्धि कार्यका लागि प्रयोग भैरहेको छ।

यस आयोजना अन्तर्गत कम्पोनेन्ट १ अन्तर्गत १७ वटा नगरपालिका मा २२ वटा प्याकेज मार्फत ठेक्का लगाई निर्माण कार्य भैरहेको छ भने कम्पोनेन्ट ३ अन्तर्गत १२ वटा नगरपालिकामा कार्य हुँदैछ ।

आयोजना समन्वय केन्द्रको आ.व. २०८०/८१ को बजेट तथा खर्चको विवरण। (रकम रु लाखमा)

| सि.नं | श्रोत | विनियोजित बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १. | नेपाल सरकार | २१९.०० | १९१.८५ | ८८% |
| २. | आई.डि.ए | ३०९३.०० | ८०५.०८ | २६% |
| ३. | जम्मा | ३३१२.०० | ९९६.९४ | ३०% |

नगरपालिका अनुसार आ.व. २०८०/८१ को खर्चको प्रतिशत

कम्पोनेट १ अन्तर्गत :

| सि.नं | नगरपालिका | खर्च प्रतिशत |
|---|---|---|
| १ | बागलुंग | ७१% |
| २ | विर्तामोड | ७१% |
| ३ | दमक | ७६% |
| ४ | धनकुटा | ८१% |
| ५ | इटहरी | ६२% |
| ६ | मेचीनगर | ८०% |
| ७ | पोखरा | ८३% |
| ८ | पुतलीबजार | ९१% |
| ९ | राजविराज | ८५% |
| १० | रामग्राम | ७१% |
| ११ | शुक्लागण्डकी | २९% |
| १२ | सुन्दरहरैंचा | ५६% |
| १३ | तानसेन | ९९% |
| १४ | तिलोत्तमा | ४७% |
| १५ | त्रियुगा | ९५% |
| १६ | उर्लाबारी | ६५% |
| १७ | व्यास | ५६% |

कम्पोनेन्ट ३ अन्तर्गत :

| सि.नं | नगरपालिका | खर्च प्रतिशत |
|---|---|---|
| १ | अमरगढी | ९८% |
| २ | भिमेश्वोर | १००% |
| ३ | गोलबजार | १००% |
| ४ | हरिवन | ९७% |
| ५ | कावासोती | ९४% |
| ६ | लमही | ९५% |
| ७ | लम्किचुहा | १००% |
| ८ | मुसिकोट | १००% |
| ९ | फलेवास | १००% |
| १० | फिदिम | १००% |
| ११ | सन्धिखर्क | ९७% |
| १२ | भेरी | ९८% |

**९. ब.उ.शि.नं. ३४७०१११० नयाँ शहर आयोजना**

क) आयोजनाको नाम र संक्षिप्त परिचय :

नेपाल सरकारको आ.व. ०६७/०६८ को नीति तथा कार्यक्रम अनुसार मध्य पहाडी क्षेत्रमा आधुनिक नयाँ शहरहरूको विकास तथा निर्माण गर्ने सोच अनुरूप नयाँ शहर आयोजना (New Town Project) सञ्चालनमा रहेको छ ।नेपाल सरकारबाट विभिन्न मितिमा घोषणा भएका (मध्य पहाडी लोकमार्ग, हुलाकी लोकमार्ग, तराई मधेश तथा हिमाली पदमार्गमा अवस्थित) नयाँ शहरहरू, स्मार्ट सिटीहरू र हिमाली शहरहरू गरी

जम्मा ५४ वटा शहरहरुको अध्ययन भै विकास निर्माणको कार्य भईरहेको छ ।यस आयोजनाले नेपाल सरकारको राष्ट्रिय शहरी नीति, २०६४ (National Urban Policy, 2007) ले औंल्याएको सन्तुलित शहरी विकास "Balanced Urban Development" नीतिका साथै, Sustainable Development Goals को बुँदा ११ लाई समेत आत्मसात गरेको देखिन्छ ।मध्य पहाडी क्षेत्रबाट सीमित शहरहरु र तराई क्षेत्रमा भइरहेको बसाईँसराइको चापका कारण हुन गएको अव्यवस्थित शहरीकरणको लागि मध्यपहाडी (पुष्पलाल) लोकमार्ग र उत्तर दक्षिण राजमार्गको मिलन बिन्दु वा यसको आसपासको क्षेत्र वा बस्तीलाई समेटी आधारभूत पूर्वाधार सहित योजनाबद्ध रुपमा नयाँ शहर विकास गर्न यस आयोजनाको सुरुवात गरिएको हो । यस क्षेत्रमा आधुनिक शहरी सेवा सुविधा सहितका शहर विकास गरी भौगोलिक सन्तुलन कायम गर्दै विकास तथा सेवा प्रवाह लागतमा कमि ल्याउने एवम् जनसंख्या व्यवस्थापन र आर्थिक समृद्धिमा टेवा पुर्याउने भएकोले १५ औं आवधिक योजनाले यस आयोजनालाई रुपान्तरणकारी आयोजनको रुपमा अंगीकार गरेको छ ।

ख) आयोजनाको शुरु र समाप्त हुने मिति

नयाँ शहरहरको भूगोल, अवस्थिति र जनसंख्याको अवस्था हेरी आयोजना स्थापनाको २० वर्ष अर्थात (२०९० साल सम्म)

ग) आयोजनाको कूल लागत

- **१०+२ मध्य पहाडी लोकमार्गमा अवस्थित नयाँ शहरहरु**
  - १० वटा शहरहरुको एकीकृत विकास योजना (IDP) र २ वटाको रणनैतिक विकास योजना (SUDP) तर्जुमा भएको
  - कुल लागत ५१२ अर्व (Source: Estimate as per 10 IDP/SUDP)
- **१० हुलाकी लोकमार्गमा अवस्थित नयाँ शहरहरु/ ५ तराई मधेशमा अवस्थित नयाँ शहरहरु**
  - १५ वटा नयाँ शहरहरुको एकीकृत विकास योजना (IDP) तर्जुमा भएको
  - कुल लागत ३१०.४९ अर्व (Source: Estimate as per IDP)
- **१७ स्मार्ट सिटी**
  - १७ मध्ये १३ वटा स्मार्ट सिटीहरुको गुरुयोजना तर्जुमा भएको
  - कुल लागत ३५५ अर्व (Source: Estimate as per Master Plan)
- **१० हिमाली पदमार्गमा अवस्थित वस्तिहरु**
  - १६ मध्ये १० वटा हिमाली वस्तीहरुको वस्ती स्वरुप संरक्षण तथा प्रवर्द्धन Morphological Retainment and Enhancement Plan तयार भएको
  - कुल लागत १०७ अर्व (Source: Estimate as per MREP/DESD Projects only)
- **१५ औं योजनाको लक्ष्य र खर्च अनुमान:**
  - लक्ष्य अनुसार दिगो शहरहरु (आ.व. २०७५/७६-२०८०/८१) विकास गरी मध्य पहाडी क्षेत्रको आर्थिक सामाजिक विकासमा योगदान गर्ने
  - यस आयोजनाको लागत अनुमान रु १ खर्व ४० अर्व (नेपाल सरकारको रु ५० अर्व र निजी क्षेत्रको रु १ खर्व गर्ने लक्ष्य)

  तथापी, १५ औं योजना अवधिमा जम्मा १२.४१ अर्व विनियोजित भै जम्मा ९.५९ अर्व खर्च भएको

घ) आयोजनाको कूल क्षमता/क्षेत्र

- १०+२ मध्ये पहाडी लोकमार्गमा अवस्थित नयाँ शहरहरु
- १० हुलाकी लोकमार्गमा अवस्थित नयाँ शहरहरु/ ५ तराई मधेशमा अवस्थित नयाँ शहरहरु
- १७ स्मार्ट सिटी
- १० हिमाली पदमार्गमा अवस्थित वस्तिहरु

यस बजेट उप-शिर्षक अन्तर्गत आ.व ८०/८१ को मुख्य मुख्य भौतिक उपलब्धिको सारांश तपसिल बमोजिम रहेको छ ।(रकम रु लाखमा)

| ब.उ.शि.नं. /कार्यक्रम | क्रियाकलाप | प्रगति/कार्यान्वयनको अवस्था (भौतिक/वित्तिय) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | भौतिक प्रगतिको अवस्था (इकाई/परिमाण र प्रगति प्रतिशत) | | विनियोजित बजेट | खर्च रकम | वित्तिय प्रगति प्रतिशत | |
| ३४७०१११० नयाँ शहर आयोजना | शहरी (भौतिक, सामाजिक, आर्थिक) पूर्वाधार निर्माण | ट्रयाक खोल्ने/स्तरोन्नती/Graveled | ३४.८९ कि.मि. | १८७३६.३४ | १३५६३.७५ | ७२.३९% | |
| | | सडक कालोपत्रे | २.९६ कि.मि. | | | | |
| | | ढलान सडक | ५.०८ कि.मि. | | | | |
| | | ढल/नाला निर्माण | १८.४९ कि.मि. | | | | |
| | | सरकारी/सामाजिक भवन निर्माण | ५ वटा | | | | |
| | | सौर्य बत्ति | ८ वटा | | | | |
| | | तरकारी, फलफुल र हाट बजार | १ वटा | | | | |
| | | बसपार्क निर्माण | ३ वटा | | | | |
| | | खेल मैदान निर्माण | १ वटा | | | | |
| | | पार्क निर्माण | २ वटा | | | | |
| | | खानेपानी आयोजना | २ वटा | | | | |
| | | जग्गा विकास | ७ वटा | | | | |
| | | ल्याण्ड फिल्ड साईट निर्माण | २ वटा | | | | |
| | | जग्गा खरिद | १८९-२-३-३६६ रो. | | | | |

आयोजनाको शुरु देखि आ.व. २०८०/८१ सम्मको कुल भौतिक तथा वित्तिय प्रगति विवरण:

| ब.उ.शि.नं. /कार्यक्रम | कियाकलाप | प्रगति/कार्यान्वयनको अवस्था (भौतिक/वित्तिय) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | भौतिक प्रगतिको अवस्था (इकाई/परिमाण र प्रगति प्रतिशत) | | हालसम्मको विनियोजित बजेट | हालसम्मको खर्च रकम | वित्तिय प्रगति प्रतिशत | |
| ३४७०१११० नयाँ शहर आयोजना | ५४ वटा शहरहरुको योजना एवं शहरी (भौतिक, सामाजिक, आर्थिक) पूर्वाधार निर्माण | ट्र्याक खोल्ने/स्तरोन्नती/Graveled | ५६६.२७ कि.मि. | १७.९३ अर्व | १२.१२ अर्व | ६७.६% | |
| | | सडक कालोपत्रे | ९८.४१ कि.मि. | | | | |
| | | ढलान सडक | ६५.९१ कि.मि. | | | | |
| | | ढल/नाला निर्माण | ३१७.१४ कि.मि. | | | | |
| | | सरकारी/सामाजिक भवन निर्माण | ४२ वटा | | | | |
| | | सौर्य बत्ति | १८०९ वटा | | | | |
| | | तरकारी, फलफुल र हाट बजार | १३ वटा | | | | |
| | | बसपार्क निर्माण | १० वटा | | | | |
| | | खेल मैदान निर्माण | ११ वटा | | | | |
| | | पार्क निर्माण | १८ वटा | | | | |
| | | खानेपानी आयोजना | ११ वटा | | | | |
| | | जग्गा विकास | ८ वटा | | | | |
| | | ल्याण्ड फिल्ड साईट निर्माण | २ वटा | | | | |
| | | जग्गा खरिद | १८९-२-३-३६६ रो. | | | | |

नयाँ शहर आयोजना अन्तर्गतका आयोजना कार्यालयहरुको आ.व २०८०/८१ को खुद बजेट र खर्चको सारांश

| क्र.सं. | कार्यान्वयन गर्ने निकाय | कार्यालय कोड | बिनियोजित बजेट (रु हजारमा) | | | असार मसान्त सम्मको खर्च (रु हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | चालु | पुँजिगत | जम्मा | चालु | पुँजिगत | जम्मा | खर्च प्रतिशत |
| १ | नयाँ सहर आयोजना समन्वय कार्यालय | ३४७०१३५०२ | ३०२३८ | ५७५९० | ८७८२८ | २४५१९ | १९३८६ | ४३९०५ | ४९.९९% |
| २ | फिदीम नयाँ सहर आयोजना | ३४७०१०२०१ | ८९३१ | १२०७१४ | १२९६४५ | ६७४५ | ११६०२५ | १२२७७१ | ९४.७०% |
| ३ | बसन्तपुर नयाँ सहर आयोजना | ३४७०१०५०१ | ११२४१ | १६५८१० | १७७०५१ | ८४७८ | १४३३४४ | १५१८२२ | ८५.७५% |
| ४ | खुर्कोट नयाँ सहर आयोजना | ३४७०१२५०१ | १०३५३ | १२२०४० | १३२३९३ | ६३०२ | १००१२१ | १०६४२३ | ८०.३८% |
| ५ | बैरेनी-गल्छी नयाँ सहर आयोजना | ३४७०१३००१ | १०६०६ | ६३६७० | ७४२७६ | ८२३० | २३३५५ | ३१५८५ | ४२.५२% |
| ६ | डुम्रे-भन्सार नयाँ सहर आयोजना | ३४७०१३८०१ | ९७५८ | १६४००० | १७३७५८ | ६५९९ | १४७८९३ | १५४४९३ | ८८.९१% |
| ७ | बुर्तिवाङ्ग नयाँ सहर आयोजना | ३४७०१४५०२ | १०६८३ | ६७५०० | ७८१८३ | ७३१५ | ४३९१९ | ५१२३४ | ६५.५३% |
| ८ | चौरजहारी नयाँ सहर आयोजना | ३४७०१५९०१ | १०७८३ | १८१५३० | १९२३१३ | ८१०८ | ८७८४८ | ९५९५७ | ४९.९०% |
| ९ | राकम-कर्णाली नयाँ सहर आयोजना | ३४७०१६७०१ | १०७८० | १०१२६० | ११२०४० | ८५४६ | ६५२७२ | ७३८१८ | ६५.८९% |
| १० | साँफेबगर नयाँ सहर आयोजना | ३४७०१७२०१ | १०५८९ | १०५९०० | ११६४८९ | ६५८३ | ८६०६५ | ९२६४९ | ७९.५३% |
| ११ | पाटन नयाँ सहर आयोजना | ३४७०१७४०१ | १०५२३ | ४५०६४ | ५५५८७ | ५२८६ | ३०५४७ | ३५८३३ | ६४.४६% |
| १२ | भेरीगंगा नयाँ सहर आयोजना | ३४७०१६८०२ | ११३१५ | ५७४०० | ६८७१५ | ५६८७ | २८०१३ | ३३७०० | ४९.०४% |
| कुल जम्मा | | | १४५८०० | १२५२४७८ | १३९८२७८ | १०२३९९ | ८९१७९० | ९९४१८९ | ७१.१०% |

## १०.ब.उ.शि.नं. ३४७०१११ क्षेत्रीय शहरी विकास आयोजना

एसियाली विकास बैंक  र नेपाल सरकारको संयुक्त लगनीमा सञ्चालित यस क्षेत्रीय शहरी विकास आयोजनाले ८ वटा  नगरपालिकाहरु क्रमशः विराटनगर, वीरगंज, सिद्धार्थनगर र नेपालगंज र  सुदूरपश्चिम प्रदेशका ४ वटा नगरपालिकाहरु क्रमशः धनगढी, गोदावरी, शुक्लाफाँटा र भिमदत्त नगरपालिकालाई समेटेको छ ।

आयोजनाको ऋण सम्झौता २७ नोभेम्बर, २०१७ मा भएको थियो भने आयोजनाको अवधि ३० जुन २०२५ सम्म रहेको छ। यस आयोजनाका प्रमुख कार्यहरुमा सडक तथा नाला निर्माण, एकीकृत फोहरमैला व्यवस्थापन केन्द्र निर्माण, दिशाजन्य लेदो व्यवस्थापन केन्द्र निर्माण, २ वटा नगरपालिकाहरुको कार्यालय भवन निर्माण, ४ वटा नगरपालिकाहरुको दीर्घकालीन शहरी विकास योजना तर्जुमा र विभिन्न सामुदायिक विकास कार्यक्रम सञ्चालन गर्नु रहेका छन् ।

यस बजेट उप-शीर्षक अन्तर्गत मुख्य कार्यहरु तथा आ.व. ८०/८१ को प्रगति निम्नानुसार रहेका छन्।

| ब.उ.शि.नं. तथा कार्यक्रम | विनियोजित बजेट (रु. लाखमा) | खर्च ( रु. लाखमा) | वित्तिय % | भौतिक प्रगति (हालसम्मको) | कैफियत |
|---|---|---|---|---|---|
| ३४७०१११११ PCO/Non P7 Municipality | ४०५०।८४ | १२९६।४८ | ३२.०० | १००% निर्माण कार्य सम्पन्न | विराटनगर, विरगंज, सिद्धार्थनगर, नेपालगंज |
| ३४७०१११११ RPIU / Province 7 Municipality: | १७४८१।१६ | १२८७०।०० | ७३.६२ | ८२% निर्माण कार्य सम्पन्न | भिमदत्त, धनगढी, गोदावरी, शुक्लाफाँटा |
| कुल जम्मा | २१५३२ | १४१६६.४८ | ६५.८ | | |

Non P-7 **नगरपालिकाहरुमा आ.व ८०/८१ सम्मको शिर्षकगत मुख्य उपलब्धिहरु निम्नानुसार रहेका छन्।**

| मुख्य कृयाकलापहरु | परिमाण | कुल लक्ष्य | हालसम्मको प्रगति | कैफियत |
|---|---|---|---|---|
| सतही नाला निर्माण | कि.मि. | १६७.७२ | २०६.३१ | निर्माण कार्य सम्पन्न |
| सडक सुधार/ निर्माण | कि.मि. | १५५.३९ | १५८.८३ | |
| ढल निर्माण | कि.मि. | २०.०८ | १८.२८ | |

- East Urban Corridor (EUC) को विस्तृत इन्जिनियरिङ्ग अध्ययनको Feasibility study सम्पन्न भई १० वटा Sub projects को  Draft DPR पेश भई Final DPR तयारी को चरणमा रहेको-७५ % कार्य सम्पन्न।
- West Urban Corridor (WUC) को विस्तृत इन्जिनियरिङ्ग अध्ययनको Feasibility study सम्पन्न भई  १२ वटा Sub projects को Draft DPR पेश भई Final DPR तयारी को चरणमा रहेको-७५% कार्य सम्पन्न।

P-7 **नगरपालिकाहरुमा शिर्षकगत मुख्य उपलब्धिहरु निम्नानुसार रहेका छन्।**

| मूख्य कृयाकलापहरु | परिमाण | यस आ.व.को लक्ष्य | यस आ.व.मा सम्पन्न भएका परिणाम | कुल लक्ष्य | हालसम्मको प्रगति | कैफियत |
|---|---|---|---|---|---|---|
| सडक निर्माण | कि.मि. | ११.०० | ७.४ | ४७.९२ | ४५.०५ | |
| सतही नाला निर्माण | कि.मि. | ६.०० | ४.७२ | ६३.२७ | ६१.२५ | |
| फोहोरमैला व्यवस्थापन कार्यक्रम शुक्लाफाँटा | प्रतिशत | ६०.०० | ८०.०० | १००.०० | ८०.०० | |
| फोहोरमैला व्यवस्थापन कार्यक्रम गोदावरी | प्रतिशत | ६०.०० | ८५.०० | १००.०० | ८५.०० | |
| फोहोरमैला व्यवस्थापन कार्यक्रम धनगढी | प्रतिशत | ३५.०० | ७.८३ | १००.०० | ७.८३ | वन मन्त्रालयबाट जग्गा प्राप्ति तथा रूख कटानको अनुमति प्राप्त हुन ढिलाईका कारण कार्यन्वयनमा ढिलाई |

### ११. ब.उ.शि.नं. ३४७०११९४ वस्ती विकास कार्यक्रम

छरिएर रहेका तथा जोखिमयुक्त स्थानमा बसोबास भए बस्तीहरुलाई एकीकृत बस्ती विकासको अवधारणा अनुरुप एकीकृत गरि पूर्वाधार तथा सेवा सुविधा पुऱ्याउँदा निर्माण, सञ्चालन र मर्मत सम्भारमा पनि कम लागत पर्नुका साथै भविष्यमा व्यवस्थित शहरी क्षेत्रको रुपमा विकास गर्नका निम्ती बस्ती बिकास कार्यक्रम संचालन गरिएको छ ।

यस बजेट उप-शीर्षक अन्तर्गत भएका मुख्य मुख्य कार्यहरु तथा भौतिक प्रगति निम्नानुसार रहेका छन् ।

| सि.नं. | विवरण | ८०/८१ |
|---|---|---|
| १ | आवास तथा भवन (संख्या) | ६९ |
| २ | कालोपत्रे सडक निर्माण (कि.मि) | ३२.२४ |
| ३ | नाला निर्माण (कि.मि) | ७६.३१ |
| ४ | ग्राभेल सडक (कि.मि) | ४२.७७ |
| ५ | सडक स्तरोन्नती (कि.मि) | ८४.९२ |
| ६ | ढलान निर्माण (कि.मि) | ३१.०७ |

### १२. ब.उ.शि.नं. ३४७०११९७ विशेष भवन निर्माण आयोजना

नेपाल सरकारको आ.व २०७५/७६ को नीति तथा कार्यक्रमको वक्तब्यमा सिंहदरबार परिसर भित्र संघीय संसद भवन निर्माण गर्ने उल्लेख भए अनुसार संसद भवन निर्माण लगायत प्रधानमन्त्री निवास, संघीय मन्त्री निवास, प्रदेश प्रमुख तथा मूख्यमन्त्री सम्पर्क कार्यालय भवन निर्माण कार्यका लागि शहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गत विशेष भवन निर्माण आयोजना समन्वय कार्यालय स्थापना भई नेपाल सरकारको उच्च विशिष्ट

पदाधिकारीहरूको लागि कार्यालय भवन तथा आवास भवन तथा विशिष्ट किसिमका भवन निर्माण कार्यहरु यस उप-शिर्षक अन्तर्गत हुने गर्छन ।

यस बजेट उप-शीर्षक अन्तर्गत भएका मुख्य मुख्य कार्यहरु तथा भौतिक प्रगति निम्नानुसार रहेका छन् ।

| क्र.सं. | कार्यक्रम | आ.व. २०७७/०७८ सम्मको प्रगति | आ.व. २०७८/०७९ सम्मको प्रगति | आ.व. २०७९/०८० सम्मको प्रगति | आ.व. २०८०/०८१ सम्मको प्रगति |
|---|---|---|---|---|---|
| १ | संघीय संसद भवन निर्माण कार्य | ३२.५०% | ४५.००% | ६६% | ८१% |
| २ | सम्माननीय प्रधानमन्त्री आवास भवन निर्माण | ८२.००% | ९६.००% | १००% | - |
| ३ | प्रदेश प्रमुख तथा मूख्य मन्त्री आवास भवन निर्माण कार्य | ५८.००% | ८२.००% | ९५% | १००% |
| ४ | संघीय मन्त्री आवास भवन निर्माण कार्य | ६२.००% | ८१.००% | ९२% | १००% |
| ५ | चण्डीदल गण भवन | | १९.००% | ६६% | ९१% |
| ६ | संघीय मन्त्री आवास भवन निर्माण कार्य (दोस्रो चरण) | | निर्माण कार्यका लागि सम्झौता भई निर्माण कार्य शुरु भएको | ५०% | ७५% |
| ७ | सिंहदरबार परिसर सुरक्षा परिषद्को लागि चमेना गृह तथा डमेंटरी निर्माण कार्य । | | | ४५% | १००% |
| ८ | संघीय संसद भवनको Interior, Conferencing तथा Security System जडान गर्ने कार्य । | | | ५% | ४०% |



*चित्र १४: सिंहदरबार परिसरमा निर्माणाधीन संघीय संसद भवन*



*चित्र १५: ललितपुर, भैंसेपाटीमा निर्मित संघीय मन्त्रि निवास भवनहरु तथा प्रदेश प्रमुख र मुख्यमन्त्रीको सम्पर्क कार्यालयहरु*

## १३. ब.उ.शि.नं. ३४७०१११८ शहरी कोरिडोर आयोजना

क) आयोजनाको नाम र संक्षिप्त परिचय :

व्यवस्थित तथा सन्तुलित रुपमा शहरीकरण र उक्त शहरीकरणबाट प्रमुख रुपमा आर्थिक विकासको उदेश्य प्राप्ति गर्ने हेतु क्षेत्रीय आर्थिक शहरी विकासको अवधारणा अनुसार व्यवस्थित र आधुनिक पूर्वाधारयुक्त ठुला शहरी कोरिडोर निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ। कोरिडोरका प्रमुख शहरहरुबाट १ घण्टाको दुरीमा रहेका भौगोलिक क्षेत्र तथा शहरी केन्द्र समेटी कार्यात्मक सीमा तय गरी बहुक्षेत्रगत पूर्वाधार निर्माण गर्ने लक्ष्य लिइएको छ । शहरी कोरिडोरको अवधारणा अनुरुप निर्धारित क्षेत्रको आर्थिक र शहरी विशेषतालाई ध्यान दिदैं शहरी पूर्वाधार विकास गर्नु यसको विशेषता रहेको छ। लोकमार्गको सहज यातायात पहुँच क्षेत्रभित्र आधुनिक शहरी बसोवास ब्यवस्थापन गरी आर्थिक क्रियाकलापमा बढोत्तरी तथा सार्वजनिक सेवाको सहज पहुँच उपलब्ध गराउने यसको लक्ष्य रहेको छ ।

**कार्यक्षेत्र**

प्रदेश नं. १ झापा, मोरङ, सुनसरी जिल्लाः विराटनगर, इटहरी, धरान कोरिडोर
प्रदेश नं. २ का धनुषा र मोहत्तरी जिल्लाः जनकपुर, बर्दिवास कोरिडोर
प्रदेश नं. २ का बारा र पर्सा जिल्लाः विरगंज, सिमरा कोरिडोर
प्रदेश नं. ५ का कपिलवस्तु, नवलपरासी पश्चिम र रुपन्देही जिल्लाः भैरहवा-बुटवल-लुम्बिनी-कपिलवस्तु कोरिडोर
प्रदेश नं. ५ को बाकेँ जिल्लाः नेपालगन्ज-कोहलपुर कोरिडोर

सुदूर पश्चिम प्रदेशका कैलाली र कञ्चनपुर जिल्लाः धनगढी-अत्तरिया-भीमदत्तनगर कोरिडोर

३ वटा शहरी कोरिडोर कोशी प्रदेश झापा, मोरङ, सुनसरी जिल्लाः विराटनगर, इटहरी, धरान कोरीडोर, मधेश प्रदेश का बारा र पर्सा जिल्लाः विरगंज, सिमरा कोरिडोर, लुम्बिनी प्रदेश का कपिलवस्तु, नवलपरासी पश्चिम र रुपन्देही जिल्लाः भैरहवा-बुटवल-लुम्बिनी-कपिलवस्तु कोरिडोरको अध्ययन कार्य ADB बाट भएको र अन्य २ वटा शहरी कोरिडोर लुम्बिनी प्रदेशको बाकेँ जिल्लाः नेपालगन्ज-कोहलपुर कोरिडोर र सुदूर पश्चिम प्रदेशका कैलाली र कञ्चनपुर जिल्ला धनगढी-अत्तरिया-भीमदत्तनगर कोरिडोरको अध्ययन कार्य नेपाल सरकारको स्रोतबाट सम्पन्न भएको साथै मधेश प्रदेश को धनुषा र महोत्तरी जिल्ला जनकपुर, बर्दिवास कोरिडोर र मधेश प्रदेश का बारा र पर्सा जिल्लाः विरगंज, जितपुर, सिमरा कोरिडोर अन्तर्तगको भौतिक पूर्वाधार आयोजनाको DPR तयार गर्ने कार्य नेपाल सरकारको स्रोतबाट भईरहेको छ ।

**आयोजनाको प्रमुख क्रियाकलाप**

- आयोजना क्षेत्रको कार्यान्वयन योजना सहितको एकीकृत विकास रणनीति तर्जुमा गर्ने ।
- प्राथमिकीकरण गरिएका आयोजनाहरुको विस्तृत आयोजनाको प्रतिवेदन तयार गर्ने ।
- व्यवस्थित जग्गा विकास गर्ने ।
- सडक तथा नाला, बसपार्क, मनोरञ्जन पार्क, हाट बजार सम्बन्धी पूर्वाधार निर्माण गर्ने ।
- खानेपानी, फोहोर प्रशोधन केन्द्र, ढल निकास लगायतका पूर्वाधार निर्माण गर्ने ।

**ख) आयोजनाको सुरु र समाप्त हुने मिति**

शुरु भएको आ.व २०७६/७७ र सम्पन्न हुने आ.व २०८४/८५ (2019/20-2027/28)

**ग) आयोजनाको कुल लागत**

**१) शूरु लागत :** रु ६ खर्ब ७८ अर्ब ३ करोड (६.२ बिलियन अमेरिकी डलर)

**घ)आयोजनाको कूल क्षमता /क्षेत्र :**

**ङ) आयोजनाको आ.व. २०८०/८१ को प्रगति**

**आयोजनाको क्रियाकलाप अनुसारको भौतिक तथा वित्तिय प्रगति विवरण २०८०/८१**

| व.उ.शि.नं. | क्रियाकलाप | प्रगति /कार्यान्वयनको अवस्था (भौतिक/ वित्तिय) | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | भौतिक प्रगतिको अवस्था( इकाई/ परिमाण र प्रगति प्रतिशत) | विनियोजित वजेट | खर्च रकम | वित्तिय प्रगति प्रतिशत | |
| ३४७०१११८ | मध्य पश्चिम शहरी कोरिडोर (नेपालगंज कोहलपुर सुर्खेत कोरिडोर)को एकीकृत | १००% | ६० | ५५.६७ | १००% | |

| व.उ.शि.नं. | क्रियाकलाप | प्रगति /कार्यान्वयनको अवस्था (भौतिक/ वित्तिय) | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | भौतिक प्रगतिको अवस्था( इकाई/ परिमाण र प्रगति प्रतिशत) | विनियोजित वजेट | खर्च रकम | वित्तिय प्रगति प्रतिशत | |
| | विकास रणनीतिको अध्ययन कार्य । | | | | | |
| ३४७०११११८ | सुदुरपश्चिम शहरि करिडोर (धनगढी गोदावरी भिमदत्त करिडोर)को एकीकृत विकास रणनीतिको अध्ययन कार्य । | १००% | ६० | ५४.७७ | १००% | |
| ३४७०११११८ | केन्द्रिय शहरी कोरिडोर (जनकपुर-बर्दिवास कोरिडोर)को एकीकृत विकास रणनीतिको अध्ययन कार्य । | ४० % | ७६ | १९.७६ | ४०% | |

## आयोजनाको शूरुदेखि आ व २०८०/८१सम्मको भौतिक तथा वित्तिय प्रगति विवरण

| व.उ.शि.नं. | क्रियाकलाप | प्रगति /कार्यान्वयनको अवस्था (भौतिक/ वित्तिय) | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | भौतिक प्रगतिको अवस्था( इकाई/ परिमाण र प्रगति प्रतिशत) | हालसम्मको विनियोजित वजेट (रकम रु लाखमा) | हालसम्मको खर्च रकम | वित्तिय प्रगति प्रतिशत | |
| ३४७०११११८ | मध्य पश्चिम शहरी कोरिडोर (नेपालगंज कोहलपुर सुर्खेत कोरिडोर)को एकीकृत विकास रणनीतिको अध्ययन कार्य । | १००% | ९१.७२ | ६९.३८ | १००% | RUDP बाट ३ वटा कोरिडोरको अध्ययन कार्य सम्पन्न भइ २ वटा कोरिडोरको DPR तयार कार्य भइरहेको र सो को |

| व.उ.शि.नं. | क्रियाकलाप | प्रगति /कार्यान्वयनको अवस्था (भौतिक/ वित्तिय) | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | भौतिक प्रगतिको अवस्था( इकाई/ परिमाण र प्रगति प्रतिशत) | हालसम्मको विनियोजित वजेट (रकम रु लाखमा) | हालसम्मको खर्च रकम | वित्तिय प्रगति प्रतिशत | |
| ३४७०१११८ | सुदुरपश्चिम शहरि करिडोर (धनगढी गोदावरी भिमदत्त करिडोर)को एकीकृत विकास रणनीतिको अध्ययन कार्य । | १००% | ९१.७ | ६८.४६ | १००% | खर्च रकम यसमा समावेश नभएको |
| ३४७०१११८ | केन्द्रिय शहरी कोरिडोर (जनकपुर-बर्दिवास कोरिडोर)को एकीकृत विकास रणनीतिको अध्ययन कार्य । | ४०% | ११९.२२ | ३७.९७ | ४०% | |

## १४.ब.उ.शि.नं. ३४७०१११९ शहरी उत्थानशिलता तथा जीवनयापन सुधार आयोजना

यस बजेट उप-शीर्षक अन्तर्गत हरित, उत्थानशील र समावेशी विकास तथा जलवायु परिवर्तन अनुकूलन कार्यक्रमहरू सम्बन्धी विभिन्न नगरपालिकाको पानी पुनभरणका लागि (ecological base adaption) तथा Urban Livelihood Improvement Project सम्बन्धी कार्यक्रमहरु संचालन हुन्छन । यसका लागि दातृ निकाय एशियाली विकास बैंक र नेपाल सरकार बीच US $२०७.५million को loan Agreement १७ जनवरी २०२४ मा भएको छ ।

यस बजेट उप-शीर्षक अन्तर्गत मुख्य कार्यहरु निम्नानुसार रहेका छन् ।

- दातृ निकाय एशियाली विकास बैंक र नेपाल सरकार बिच US $ २०७.५million को loan Agreement 17 January 2024 मा भएको।
- ७ वटा नगरपालिकामा (पोखरा, जनकपुर, देवदह, लुम्बिनि सांस्कृतिक, सिद्धर्थनगर, तिलोतमा र सैनामैना) भौतिक पुर्वाधार तथा पर्यटकिय सम्पदाको पुनारुत्थान सम्बन्धि निम्न कार्यहरु हुने ।
    - सडक नाला तथा फुटपाथ निर्माण
    - लुम्बिनि सांस्कृतिक नगरपालिकामा नगरपलिका भवन निर्माण
    - Natural and cultural site redevelopment.

## १५. शहरी विकास तथा भवन निर्माण विभागका अन्य निकायगत कार्यक्रमहरुको प्रगति अवस्था

### १. स्वास्थ्य भवन तर्फ

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गतको विभिन्न स्वास्थ्य भवनहरुको निर्माण तथा मर्मतका कार्यहरु आर्थिक वर्ष २०६१/२०६२ देखि यस विभागबाट कार्यान्वयन हुने नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०६१/०९/२२ को निर्णयानुसार, यस विभागमा स्वास्थ्य भवन इकाईको गठन भएको तथा २०७५/०२/०६ को मन्त्रिपरिषद्को निर्णय बमोजिम स्वास्थ्य भवन शाखामा स्तरोन्नति भइ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सँगको समन्वयमा यस विभाग अन्तर्गतका निकायहरुबाट स्वास्थ्य भवनहरुको निर्माण तथा मर्मतका कार्यहरु गर्दै आइरहेको छ।

स्वास्थ्य सम्बन्धी पूर्वाधार विकास निकै महत्त्वपूर्ण र संवेदनशील विषय भएकोले यसलाई प्राथमिकतामा राखी आधारभूत आवश्यकतामा एकरूपता प्राप्त गर्ने मुख्य उद्देश्यका साथ विभागबाट जिल्ला अस्पताल, प्राथमिक अस्पताल, स्वास्थ्य चौकी, बर्थिङ सेन्टर जस्ता स्वास्थ्य भवन/सुविधाहरुको Standard Type Designs हरु अनुरुप निर्माण कार्यहरु संचालनमा छन् ।

समयको माग र विकाससँगै हाल स्वास्थ्य भवनहरुको आवश्यकतामा परिवर्तन आएको छ र माध्यमिक अस्पताल, Tertiary अस्पताल, सुपर स्पेशिलिटी अस्पताल, मेडिकल कलेज, प्रादेशिक प्रयोगशाला, प्रादेशिक मेडिकल स्टोर, आयुर्वेद अस्पताल, ट्रमा सेन्टर, सरुवा रोग अस्पताल लगायतका स्वास्थ्य पूर्वाधार निर्माणहरूको माग बढ्दो भएकोले सोही अनुसारको स्वास्थ्य पूर्वाधार निर्माणको सुरुवात भएको छ।

आ.व. ०८०/०८१ मा यस कार्यक्रम को प्रगति निम्नानुसार रहेको छ :

- कार्यक्रम संख्या : ११६
- सम्पन्न भएको कार्यक्रम संख्या : १३
- विनियोजित बजेट : रु. ४ अर्ब ४ करोड ६४ लाख
- खर्च: रु. १ अर्ब ३८ करोड २६ लाख (३४.१७%)

आ.व. २०६१/०६२ देखि २०८०/०८१ सम्म प्राप्त आयोजना संख्या : २,१०२
प्राप्त आयोजना मध्येमा फरफारक सहित सम्पन्न संख्या : १,९८६



*चित्र १६:सिन्धुली अस्पताल, सिन्धुली (५० शैया क्षमताको भवन), सिन्धुली*



*चित्र १७: भेरी प्रादेशिक अस्पताल, नेपालगञ्ज, बाँकेमा नयाँ ईण्डोर भवन निर्माण कार्य*

## २. कारागार भवन निर्माण तर्फको विवरण

कारागार व्यवस्थापन विभाग अन्तर्गतका कारागार कार्यालयको भवन लगायत अन्य संरचनाहरुको निर्माण तथा मर्मत सुधारका कार्यहरु सम्बन्धित कारागार व्यवस्थापन विभाग मातहतको सम्बन्धित कारागार कार्यालयबाट हुँदै आएकोमा मिति २०७३/०१/२० गतेका दिन प्रथम पटक दुई पक्षबिच संझौता भई केन्द्रिय कारागार नुवाकोट र क्षेत्रीय कारागार बाँके भवन निर्माण सम्वन्धी समझदारीपत्रमा हस्ताक्षर भएको थियो भने मिति २०७६/०६/१५ गतेका दिन कारागार कार्यालयहरू मोरङ, धनकुटा, पाँचथर तथा केन्द्रिय कारागार अस्पताल टेकुमा हुने निर्माण कार्यको लागि समझदारी भई कार्य अगाडी बढिरहेकोमा नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ वमोजिम सरकारी भवनको निर्माण, मर्मत संभार सम्वन्धी सम्पूर्ण कार्य शहरी विकास मन्त्रालय अन्तर्गत रहेकाले यसलाई व्यवस्थित गर्न कारागार व्यवस्थापन विभाग अन्तर्गत निर्माण गरिने कारागार कार्यालय भवनहरुको निर्माण

कार्य शहरी विकास मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभाग र अन्तर्गतका इकाई/कार्यालयहरुको प्राविधिक सहयोग एवं प्रत्यक्ष संलग्नतामा निर्माण कार्य गर्न गराउन गृह मन्त्रालय, कारागार व्यवस्थापन विभाग र शहरी विकास मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभाग बीच दुबै पक्षको सहमतिमा मिति २०७८/१२/२५ गतेका दिन समझदारी भइ निर्माण कार्यहरु भइरहेका छन् ।

कारागार व्यवस्थापन विभाग तथा मातहतका कार्यालयहरुमा भवन निर्माण सम्बन्धी प्राविधिक जनशक्ति र त्यसको संस्थागत व्यवस्था रहेको देखिँदैन। ती निकायहरुका भवन निर्माण सम्बन्धी कार्यहरुको लागि सरोकारवाला निकायहरुको जिम्मेवारी र शहरी विकास मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभाग र अन्तर्गतका इकाई/कार्यालयहरुको भूमिका एवं जिम्मेवारीलाई अझ व्यवस्थित गर्न शहरी विकास मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभाग र अन्तर्गतका इकाई/कार्यालयहरुको प्रत्यक्ष जिम्मेवारीमा निर्माण गराउँदा भवनको डिजाईन तथा आवश्यकतामा एकरुपता आउने, कामको गुणस्तर सुनिश्चित हुने, स्रोत साधन र क्रियाकलापहरुको पूर्व योजना गर्न सहज हुने, समयमै कार्य सम्पादन हुने तथा दोहोरोपना नआउने र कारागार कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको समय समेत सेवा प्रवाह कार्यमा बढी केन्द्रित हुन सक्ने देखिन्छ ।

आ.व. ०८०/०८१ मा यस कार्यक्रम को प्रगति निम्नानुसार रहेको छ

- कार्यक्रम संख्या : १२
- सम्पन्न भएको कार्यक्रम संख्या : २(बाँके, नुवाकोट)
- विनियोजित बजेट : ३९ करोड ३७ लाख
- खर्च: २२ करोड ४३ लाख (५६%)



*चित्र १८: क्षेत्रीय कारागार नौबस्ता बाँके*



चित्र १९: निर्माणाधीन रसुवा भन्सार कार्यालय

**आ.व ८०/८१को नीति तथा कार्यक्रम र बजेट बक्तव्यमा समावेश भएका मुख्य मुख्य नीति तथा कार्यक्रमहरुको प्रगति : (रकम रु लाखमा)**

| नीति तथा कार्यक्रम/बजेट बक्तव्यको बुँदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति कार्यान्वयनको अवस्था (भौतिक/वित्तीय) | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | भौतिक प्रगतिको अवस्था (इकाई/परिमाण र प्रगति प्रतिशत) | विनियोजित बजेट | खर्च रकम | वित्तीय प्रगति प्रतिशत | |
| नीति तथा कार्यक्रमको बुँदा नं. ८१ | विपन्न सुमदायका फुस तथा खरका छाना भएका आवासलाई जस्तापाताको छानाले प्रतिस्थापन गर्दै लगिनेछ । | हालसम्म ८३ हजार ५ सय २० लाभग्राहीको आवासलाई जस्तापाताको छानाले प्रतिस्थापन गरिएको मा आ.व. ०८०/०८१ मा मात्र ३१ हजार ५ सय २० लाभग्राहीको कार्य सम्पन्न भएको | ७९२७ | ४४३६.७१ | ५६% | |
| बजेट बक्तव्यको बुँदा नं.३२१ | सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत दश हजार आवासीय भवनको फुस, पराल र खरको छानालाई जस्तापाता वा अन्य स्थायी सामग्रीले विस्थापन गर्ने । | | | | | |
| नीति तथा कार्यक्रमको बुँदा नं. ८२ | युटिलिटी करिडोरको विषयसमेत समावेश गरी नयाँ शहरी विकास सम्बन्धी कानून ल्याइनेछ । | युटिलिटी करिडोरको विषयसमेत समावेश गरी शहरी विकास ऐनको मस्यौदा तयार भएको | | | | |
| बजेट बक्तव्यको बुँदा ३३० | लुम्बिनी प्रदेशको राजधानीको पूर्वाधार विकास गर्न सहयोग गरिनेछ । नवलपुर र रुकुम पूर्वको जिल्ला सदरमुकामको प्रशासनिक केन्द्रमा एकीकृत कार्यालयहरु तथा शहरी पूर्वाधारको निर्माण कार्य शुरु गरिनेछ । | | | | | |
| नीति तथा कार्यक्रमको बुँदा नं. ८२ | कर्णाली प्रदेशको भेरी गङ्गा उपत्यकाको नमूना आधुनिक शहरको गुरुयोजना तयार गरी निर्माण कार्य अगाडि बढाइनेछ । | | ६८७.१५ | ३३७ | ४९.०४% | श्रोत सुनिश्चितता हुन नसक्दा गुरु योजना तर्जुमा हुन नसकेको |
| नीति तथा कार्यक्रमको बुँदा नं. १२२ | ज्येष्ठ नागरिकको जीवन सम्मानित, सुरक्षित र व्यवस्थित बनाई उनीहरुको ज्ञान, सीप र अनुभवलाई मुलुकको समृद्धिका लागि उपयोग गरिनेछ । ज्येष्ठ नागरिकलाई स्वास्थ्य तथा अन्य सेवा सुविधामा छुट र सहुलियत प्रदान गरिनेछ । प्रदेश तथा स्थानीय तहको समन्वयमा प्रदेश तथा पालिकाहरुमा सुविधायुक्त ज्येष्ठ नागरिक आवास गृह सेवा तथा मिलन केन्द्र र आरोग्य आश्रमको निर्माण गरिनेछ । | आ.व. ०८०/०८१ मा ८ वटा ज्येष्ठ नागरिक आवास भवन निर्माण सम्पन्न भएको | १४७६ | ९१४ | ६१.९२% | ८ वटा भवन निर्माण कार्य सम्पन्न |

| नीति तथा कार्यक्रम/बजेट बक्तव्यको बुँदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति कार्यान्वयनको अवस्था (भौतिक/वित्तीय) | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | भौतिक प्रगतिको अवस्था (इकाई/परिमाण र प्रगति प्रतिशत) | विनियोजित बजेट | खर्च रकम | वित्तीय प्रगति प्रतिशत | |
| बजेट बक्तव्यको बुँदा ३१८ | वसन्तपुर, खुर्कोट, चौरजहारी, बैतडी-पाटन लगायतका नयाँ शहर आयोजनाको पूर्वाधार निर्माण र सुर्खेत जिल्लाको भेरीगंगा उपत्यकाको एकीकृत शहरी विकासको गुरुयोजना तर्जुमा गरी निर्माण कार्य अगाडि बढाइनेछ । | | १८७३६.३४ | १३५६७.९६ | ७२.४२% | |
| नीति तथा कार्यक्रमको बुँदा नं. ८३ | मध्यपहाडी लोकमार्ग आसपासका दशवटा नयाँ शहरलाई पहिचानयुक्त शहरको रुपमा विकास गरिनेछ । सघन शहरी विकास कार्यक्रमलाई विस्तार गरिनेछ | | १२४१७.४ | ९१६५.८५ | ७३.८१% | |
| नीति तथा कार्यक्रमको बुँदा नं. ८३ | सघन शहरी विकास कार्यक्रमलाई विस्तार गरिनेछ | सडक तथा नाला निर्माण १५३.९१ कि.मि. | ९१७१५.३ | ७५६९८.४५ | ८२.५४% | |
| बजेट बक्तव्यको बुँदा ३१९ | सघन शहरी विकास कार्यक्रम अन्तर्गत निर्माणाधीन शहरी पूर्वाधार आयोजना सम्पन्न गर्न सघन वस्ती भएका नगर क्षेत्रमा सडक, ढल निर्माण लगायतका पूर्वाधार विकासका कार्यक्रम सञ्चालन गरिनेछ । | | | | | |
| बजेट बक्तव्यको बुँदा ३२२ | संघीय संसद भवनको निर्माण कार्य आगामी आर्थिक वर्षमा सम्पन्न गरिनेछ । | संघीय संसद भवनको निर्माण कार्य - ८१% | ७१३२ | ६४७१ | ९०.७३% | |
| बजेट बक्तव्यको बुँदा ३२५ | भूकम्पपछिको पुनर्निर्माणतर्फ सिंहदरवार पश्चिमी खण्ड, बबरमहल, केशरमहल लगायत दश वटा पुरातात्विक सम्पदाहरुको प्रवलिकरण कार्य सम्पन्न गरिनेछ । | सिंहदरवार पश्चिम लङ्ग प्रवलिकरण — १००%<br>बबरमहल भवन प्रवलिकरण — १००%<br>केशरमहल भवन प्रवलिकरण — १००% | ६१३० | ४३५२.५८४७९ | ७१% | |

| नीति तथा कार्यक्रम/बजेट बक्तव्यको बुँदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति कार्यान्वयनको अवस्था (भौतिक/वित्तीय) | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | भौतिक प्रगतिको अवस्था (इकाई/परिमाण र प्रगति प्रतिशत) | विनियोजित बजेट | खर्च रकम | वित्तीय प्रगति प्रतिशत | |
| बजेट बक्तव्यको बुँदा ३२६ | गोरखा, नेपालगंज लगायत नौ स्थानमा निर्माणाधीन सभाहलको निर्माण कार्य सम्पन्न गरिनेछ । निर्माण सम्पन्न सभाहललाई स्थानीय तहबाटै सञ्चालन हुने गरी हस्तान्तरण गरिनेछ । | ४ वटा सभाहलको निर्माण कार्य सम्पन्न बाँकी ५ वटा निर्माणको चरणमा | ४३४९.५२ | ३७४८.१२ | ८६% | आ.व. ०८०/८१ मा निर्माण सम्पन्न भएका सभाहलहरु :<br>१. कालिकास्थान-रसुवा<br>२. सौराहा सभाहल-चितवन<br>३. दमौली-तनहुँ<br>४. महेन्द्र नारायण निधि-धनुषा |
| बजेट बक्तव्यको बुँदा ३२७ | सरकारी भवन को वास्तुकला, स्वरुप, संरचना र मापदण्डमा एकरुपता कायम गर्न सरकारी भवन निर्माण मापदण्ड तर्जुमा गरि कार्यान्वयनमा ल्याइनेछ । स्वीकृत मापदण्ड विपरित डिजाइन गरिएका सरकारी भवन निर्माणका लागि बजेट विनियोजन गरिने छैन । नेपाल राष्ट्रिय भवन संहितालाई समयानुकुल परिमार्जन गरी तीनै तहको सरकारमा पूर्ण रुपमा परिपालना गर्ने व्यवस्था मिलाइनेछ । | • सरकारी भवन को आन्तरिक सजावट सम्बन्धी मापदण्ड तयार गरिएको ।<br>• राष्ट्रिय भवन संहिता NBC २०५, NBC २०६ परिमार्जन सम्पन्न भई स्वीकृत भएको (राजपत्रमा प्रकाशन भएको) । | | | | |
| बजेट बक्तव्यको बुँदा ३२९ | नेपाल सरकारको प्राविधिक सहयोग एवं प्रदेश र स्थानीय तहको साझेदारीमा फोहोर व्यवस्थापनका लागि आवश्यक पूर्वाधार निर्माण गरिनेछ । | क्षेत्रीय शहरी विकास आयोजना अन्तर्गत शुक्लाफाँटा, गोदावरी र धनगढी न.पा. मा स्थानीय तहको समेत समन्वयमा फोहरमैला व्यवस्थापन कार्यक्रम संचालन भइरहेको | ८५७५.०० | ६६८२.८६ | ७७.९३% | |

| नीति तथा कार्यक्रम/बजेट बक्तव्यको बुँदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति कार्यान्वयनको अवस्था (भौतिक/वित्तीय) | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | भौतिक प्रगतिको अवस्था (इकाई/परिमाण र प्रगति प्रतिशत) | विनियोजित बजेट | खर्च रकम | वित्तीय प्रगति प्रतिशत | |
| बजेट बक्तव्यको बुँदा ३३० | लुम्बिनी प्रदेशको राजधानीको पूर्वाधार विकास गर्न सहयोग गरिनेछ । नवलपुर र रुकुम पूर्वको जिल्ला सदरमुकामको प्रशासनिक केन्द्रमा एकीकृत कार्यालयहरु तथा शहरी पूर्वाधारको निर्माण कार्य शुरु गरिनेछ । | नवलपुर नमुना सदरमुकाम सरकारी भवना निर्माण तर्फ २ वटा भवन निर्माण कार्यको सम्झौता भई कार्य शुरु भएको छ । | ३०० | २६२.२८ | ८७.४२% | श्रोत सुनिश्चतता प्राप्त कार्यक्रम नवलपुर नमुना सदरमुकाम सरकारी भवन निर्माणको लागि ५० करोड |
| बजेट बक्तव्यको बुँदा ३३० | लुम्बिनी प्रदेशको राजधानीको पूर्वाधार विकास गर्न सहयोग गरिनेछ । नवलपुर र रुकुम पूर्वको जिल्ला सदरमुकामको प्रशासनिक केन्द्रमा एकीकृत कार्यालयहरु तथा शहरी पूर्वाधारको निर्माण कार्य शुरु गरिनेछ । | एकीकृत सरकारी कार्यालय भवन निर्माण पूर्वी रुकुमको प्लिन्थ लेभलसम्मको कार्य भएको | १७५ | १७४.९४ | १००% | श्रोत सुनिश्चतता प्राप्त कार्यक्रम एकीकृत सरकारी कार्यालय भवन निर्माण - पुर्वी रुकुमको लागि २० करोड |